# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २७८ | काठमाडौं | शुक्रबार, २३ माघ २०८२ | Prabhab National Daily | Friday, 06 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## बैतडीमा जन्ती बस दुर्घटना, आठ जनाको मृत्यु



- पुर्चौडी नगरपालिका-७ को भौनीबाट जन्ती लिएर फर्किंदै गरेको बस सोही वडाको बढ्गाउँमा दुर्घटना
- छ जनाको घटनास्थलमै र अन्य दुई जनाको स्थानीय स्वास्थ्य चौकीमा उपचारका क्रममा मृत्यु
- दुर्घटनामा घाइते भएका ४५ जना जनाको उपचार हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** बैतडीमा जन्ती लिएर फर्किंदै गरेको बस दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ। जिल्लाको पुर्चौडी नगरपालिका-७ को भौनीबाट जन्ती लिएर फर्किंदै गरेको बस सोही वडाको बढ्गाउँ मोडबाट २०० मिटर तल खसेको थियो।

जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी प्रवक्ता बलदेव बडूले दिएको जानकारीअनुसार छ जनाको घटनास्थलमै र अन्य दुई जनाको स्थानीय स्वास्थ्य चौकीमा उपचारका क्रममा मृत्यु भएको हो। मृतकमध्ये एक जना महिला र सात जना पुरुष छन्। मृत्यु हुनेमा बझाङको बित्थडचिर गाउँपालिका-७ बस्ने ४० वर्षीय केशव जोशी, सोही ठाउँका १३ वर्षीय अशोक जोशी, ३५ वर्षीय वसन्त जोशी, ४१ वर्षीय विष्णुदत्त जोशी र ४२ वर्षीय नरेशराज जोशी रहेका छन्।

केदारस्युँ गाउँपालिकाका ६० वर्षीय मोहनदेव भट्ट, जयपृथ्वी नगरपालिकाका-७ का वसन्तराज रतला र बैतडीको पुर्चौडी नगरपालिका-७ कि ४० वर्षीया पुष्पा अवस्थीको पनि मृत्यु भएको छ।

दुर्घटना भएको सुप प्र ०२ ००१ ख १११९ नम्बरको बस हो। दुर्घटनामा ४५ जना घाइते भएका छन्। जन्ती बेहुली लिएर बझाङको सुनकुडातर्फ फर्किंदै थियो। उकालो बाटोमा भार अधिक हुँदा दुर्घटना भएको हुन सक्ने प्रहरीले आशंका गरेको छ। प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जानकारी दिएको छ।

घटनाप्रति पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले दुःख व्यक्त गरेका छन्। उनले दुर्घटनाको खबरले दुःखी भएको बताए। 'बैतडीको पुर्चौडीबाट जन्ती बोकेर बझाङतर्फ जाँदै गरेको बस स्थानीय बडुगाउँमा दुर्घटनाग्रस्त भएको खबरले निकै दुःखी भएको छु,' उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्। उनले घाइतेहरूको तत्काल उद्धार गरी आवश्यकता अनुसारको उपचारको प्रबन्ध गर्न सरकारको ध्यानकर्षण गराए।

अर्का पूर्वप्रधानमन्त्री तथा नेकपा संयोजक पुष्पकमल दाहालले पनि बैतडी दुर्घटनाप्रति दुःख व्यक्त गर्दै आफू मर्माहत भएको बताए। 'बैतडीको पुर्चौडीबाट बझाङतर्फ गइरहेको जन्ती बोकेको बस बडुगाउँमा दुर्घटनाग्रस्त भई ठूलो मानवीय क्षति भएको दुःखद खबरले म अत्यन्तै मर्माहत बनेको छु,' उनले सामाजिक सञ्जालमार्फत भनेका छन्। उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उद्धार, उपचार तथा आवश्यक समन्वयका लागि बैतडीस्थित नेकपाको समितिलाई आवश्यक पहल लिन निर्देशन दिएका थिए।

## हच्किइन् प्रधानमन्त्री निर्वाचन एकै चरणमा

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले प्रतिनिधिसभा सदस्य निर्वाचन एकै चरणमा गर्ने बताएकी छन्। दुई दिनअघि उनले हिमाली र उच्च पहाडी क्षेत्रमा अत्यधिक चिसो भए दुई चरणमा निर्वाचन गर्न सकिने बताएकी थिइन्। नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीले प्रतिवाद गरेपछि हच्किँदै प्रधानमन्त्री कार्कीले बिहीबार आगामी निर्वाचन एकै चरणमा गर्ने बताएकी हुन्।

'ढुक्क र निश्चिन्त हुनुस्। एकैदिनमा हुन्छ चुनाव। दुईचोटि हुनेवाला छैन। तोकिएकै मितिमा हुन्छ,' उनले बिहीबार भनिन्, 'मलाई लाग्छ, मौसम पनि राम्रो हुने छ। हामी सबैले मतदान गर्न पाउनुहुने छ। निर्वाचित प्रतिनिधिसभालाई सरकार हस्तान्तरण गर्छौं र आफ्नो घर जान्छौं।' बिहीबार मतपत्र छपाइस्थल जनक शिक्षा सामग्री केन्द्रको प्रेसमा अनुगमनपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रधानमन्त्री कार्कीले दुई चरणमा निर्वाचन गर्न सकिने भन्ने आफ्नै पूर्ववत् भनाइबाट पछि हट्दै एकै चरणमा निर्वाचन गर्ने बताएकी हुन्।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बिहीबार बिहानै प्रधानमन्त्री कार्कीले दुई चरणमा निर्वाचन गर्ने भन्दै दिएको अभिव्यक्तिको कडा प्रतिवाद गरेका थिए। एकै चरणमा गर्नुपर्ने भन्दै यदि २१ फागुनमा नभ्याइए निर्वाचन सार्न उनको सुझाव थियो। दुई चरणमा निर्वाचन गर्ने प्रधानमन्त्रीको अभिव्यक्तिलाई उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई जिताउने सरकारी खेलको अर्थमा व्याख्या गरे।

'भ्याइँदैन भने मिति सार। एकैदिन निर्वाचन हुनुपर्दछ। सोझै मतदानपछि मतगणना गरिनुपर्दछ। धाँधली गरेर निर्वाचनको नाटक चल्दैन,' उनले भने, 'राज्य यसलाई जिताउने र यसलाई हराउने भन्ने पक्षमा लाग्नै हुँदैन। यदि राज्य यसलाई जिताउने यसलाई हराउने पक्षमा लाग्छ भने त्यो निर्वाचन हुँदैन, त्यसले गम्भीर अनिष्ट देशमा पैदा गर्ने छ।'

प्रधानमन्त्री कार्कीले उच्च पहाडी तथा हिमाली क्षेत्रमा मौसमी प्रतिकूलताका कारण फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन प्रभावित हुन सक्ने संकेत मंगलबार गरेकी थिइन्। उनले मौसम अत्यन्तै खराब भएमा मतदान गराउन वैकल्पिक उपाय अपनाउन सकिने विकल्प अघि सारेकी थिइन्। उनका अनुसार कठिन भूभागमा सवारीसाधन प्रयोग गरी मतदातालाई मतदान केन्द्रसम्म पुऱ्याउने व्यवस्था गर्न सकिन्छ। यदि त्यो पनि सम्भव नभए, त्यस्ता स्थानमा अर्को चरणमा निर्वाचन गराउन सकिने विकल्प खुला रहेको उनको भनाइ थियो।

'अत्यधिक चिसोले सक्दै नसक्ने अवस्था आइहाल्यो भने दोस्रो चरणमा हुन्छ,' उनले मंगलबार नवलपरासीमा भनेकी थिइन्। यसप्रति कटाक्ष गर्दै ओलीले पोहोर हिउँदयता जन्मिएकालाई मात्रै हिमालमा हिउँ पर्छ भन्ने थाहा नहुने बताए।

यसअघि बुधबार उनकै दलका सचिव महेश बस्नेतले पनि रास्वपालाई फाइदा पुग्नेगरी सरकारले दुई चरणमा निर्वाचन गर्न लागेको भन्दै आलोचना गरेका थिए। पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले पनि आलोचना गर्दै एकै चरणमा निर्वाचन हुनुपर्ने बताए।

निर्वाचन आयोगले तोकेको मितिमा र घोषित कार्यतालिकाअनुसार देशभर एकसाथ निर्वाचन हुनुपर्ने भन्दै उनले दुई चरणमा निर्वाचन गरिए निर्वाचनको निष्पक्षता, विश्वसनीयता र राजनीतिक स्थायित्वमा प्रश्न उठ्न सक्ने चेतावनी दिँदै आएका छन्।

क्रमशः पृष्ठ २ मा



बिहीबार भक्तपुरस्थित मतपत्र छपाइस्थल जनक शिक्षा सामग्री केन्द्रको प्रेसमा अनुगमनपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रधानमन्त्री सुशीला कार्की। *तस्बिरः रासस*

> ढुक्क र निश्चिन्त हुनुस्। एकैदिनमा हुन्छ चुनाव। दुई चोटि हुनेवाला छैन। तोकिएकै मितिमा हुन्छ।
>
> ■ **सुशीला कार्की**
> प्रधानमन्त्री

> भ्याइँदैन भने मिति सार। एकैदिन निर्वाचन हुनुपर्दछ। सोझै मतदानपछि मतगणना गरिनुपर्दछ। धाँधली गरेर निर्वाचनको नाटक चल्दैन।
>
> ■ **केपी शर्मा ओली**
> अध्यक्ष, नेकपा एमाले

### प्रधानमन्त्रीसँग ओलीको गुनासो



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो निर्वाचन क्षेत्र झापा-५ निस्कनुअघि बिहीबार बालुवाटार पुगेर यसबारे प्रधानमन्त्री सुशीला कार्कीसँग पनि गुनासो गरेका छन्। सरकार, संवैधानिक निकाय र निर्वाचन आयोगको कामप्रति असन्तुष्ट जनाउँदै आएका ओलीले आफैं समय मागेर प्रधानमन्त्री कार्कीसँग भेटेका हुन्।

यसपटक भने चिसोका कारण हिमाली क्षेत्रको निर्वाचन केही समय पर सार्नेबारे प्रधानमन्त्री कार्कीको अभिव्यक्तिको एमालेले विरोध गरेको छ। ओलीको दल एमालेले फागुन २१ गतेको निर्वाचन एकैपटक गर्नुपर्ने माग सुरु गरिसकेको छ।

बिहीबार ओलीले बालुवाटारमा यही मुद्दा अघि सारेका थिए। भेटमा ओलीले सकेसम्म कुनै पनि क्षेत्रमा चुनाव रद्द नगर्न आग्रह गरेका थिए। 'चुनाव एकै चरणमा होस्। कुनै कारण स्थगित हुँदा वा दोहोऱ्याएर चुनाव गर्नुपर्ने अवस्था आउँदा एउटा चुनाव र अर्को चुनावको बीचमा ग्याप धेरै नहोस्,' ओलीले प्रधानमन्त्रीलाई भने।

ओलीले मतदान सम्पन्न हुनासाथ तत्कालै मतगणना गर्ने व्यवस्था मिलाउन र मतदानस्थलको सुरक्षामा जोड दिन आग्रह गरेका थिए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## एक वर्षमा १३ सयभन्दा बढी 'केयरगिभर' इजरायलमा

- आवेदन स्वीकृत भएकामध्येबाट दुई हजार ११२ जना चिट्ठामार्फत छनोट भएकामा ६० प्रतिशतभन्दा बढी इजरायल पुगे
- इजरायल गएकामध्ये ७७० जना महिला र ५४३ पुरुष

■ प्रभाव संवाददाता



**काठमाडौं–** गत एक वर्षको अवधिमा एक हजार ३१३ जनाले इजरायलमा रोजगारीको अवसर पाएका छन्। त्यहाँको दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयरगिभर)का रूपमा जानका लागि छनोट भएकामध्ये उक्त अवधिमा ६० प्रतिशतभन्दा बढी कामदार गएका वैदेशिक रोजगार विभागअन्तर्गतको इजरायल शाखाले जानकारी दिएको छ।

रोजगारीका लागि आवेदन स्वीकृत भएकामध्येबाट दुई हजार ११२ जना चिट्ठाबाट इजरायल जानका लागि छनोट भएका थिए। उनीहरूको करार सम्झौता २०२५ जनवरी २८ बाट आउन थालेको थियो। त्यसयता हालसम्म इजरायल गएकामध्ये ७७० जना महिला र ५४३ पुरुष रहेको जनाइएको छ। अब ७९९ जना जान बाँकी रहेका छन्। उनीहरूको पनि दैनिकजसो करार सम्झौता आइरहेको विभागले जनाएको छ।

बाँकी कामदारलाई कहिलेसम्म लगिसक्ने भन्ने यकीन नभएको सो शाखाका शाखा अधिकृत देवेन्द्र केसीले बताए। 'कन्ट्र्याक्ट (सम्झौता) आइसकेपछि हामीले पिवालाई पठाइदिन्छौं। पिवाले विभिन्न रोजगारदातालाई सो कन्ट्र्याक्ट पठाइदिन्छ,' उनले भने, 'रोजगारदाताले जति चाँडो रेस्पोन्स गरेर प्रक्रिया थाल्छ त्यहीअनुसार कामदार जान्छन्। यो उनीहरूकै आवश्यकताअनुसार हुन्छ।'

इजरायलको पपुलेसन इमिग्रेसन एण्ड बोर्डर अथोरिटी (पिवा)ले नागरिक तथा विदेशीहरूको कानुनी स्थिति नियमन गर्ने आप्रवासी कामदारको रोजगारीसम्बन्धी कानुन लागू गर्नेलगायतका काम गर्छ।

विभागले २०८१ असार ११ गते केयरगिभरका लागि आवेदन आह्वान गरेको थियो। जसका लागि चार हजार २४ जनाले अनलाइन फाराम भरेका थिए। तीमध्ये तीन हजार ४६१ वटा आवेदन स्वीकृत भएका थिए। आवेदन स्वीकृत भएकाबाट छानिएका दुई हजार १२१ जनाबाट एक हजारको मेडिकल गर्दा ९२३ जना सफल भए। त्यसैमध्येबाट चार जना पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अनुपस्थित भएकाले पहिलो चरणमा ९१९ जना छनोटका लागि तयार भएका थिए। उक्त लटका सबै जना गइसकेका छन्।

आवेदन स्वीकृत भएका तर चिट्ठाबाट छनोट नभएकालाई पनि विगतमा रोजगारीको अवसर दिने गरिन्थ्यो।

क्रमशः पृष्ठ २ मा

## दाहालले स्वीकारेनन् ओलीको तालमेल प्रस्ताव



> झापा-५ सहित केही चुनाव क्षेत्रमा तालमेल गरौं भन्नुभएको थियो तर उहाँले मान्नुभएन। हामी धेरै अघि बढ्यौं भन्ने कुरा आयो।
>
> ■ **पृथ्वीसुब्बा गुरुङ**
> उपाध्यक्ष, नेकपा एमाले



> मैले यहाँ चुनाव जित्नेगरी माहोल बनाइसकें। मैले संयोजक कमरेडलाई भनिसकें, यसपटक चुनाव जितेर आउँछु, तपाईंले दायाँबायाँ नगर्नुहोला।
>
> ■ **रञ्जित तामाङ**
> नेकपा उम्मेदवार





■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले झापा-५ मा चुनावी तालमेलका लागि राखेको प्रस्ताव नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहालले अस्वीकार गरेका छन्। दाहालले १६४ वटै निर्वाचन क्षेत्रमा नेकपा उम्मेदवारहरू अभियानमा रहेकाले तालमेलको सम्भावना नभएको बताए।

अलि सुरक्षित मानिएको रुकुमपूर्व पुगेर उम्मेदवारी दिँदा त्यहाँ प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का उम्मेदवार सन्दीप पुनलाई समर्थन गर्ने निर्णय एमालेले गरेपछि बिच्किएका दाहालले झापा-५ मा ओलीले गरेको तालमेल प्रस्तावलाई अस्वीकार गरेका हुन्।

एमाले उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङले प्रभावसँग भने, 'झापा-५ सहित केही चुनाव क्षेत्रमा तालमेल गरौं भन्नुभएको थियो तर उहाँले मान्नुभएन। हामी धेरै अघि बढ्यौं भन्ने कुरा आयो।'

झापा-५ मा नेकपाबाट अखिल क्रान्तिकारीका पूर्वकेन्द्रीय अध्यक्ष रञ्जित तामाङ उम्मेदवार छन्। पहिलोपटक संसदीय निर्वाचनमा उत्रिएका तामाङले चुनावी माहोल बनाइरहेका छन्। त्यसले पनि ओलीलाई चुनौती बढिरहेको छ। त्यहाँ तत्कालीन नेकपा माओवादी केन्द्रको अघिल्लो निर्वाचनमा समानुपातिक मत झण्डै नौ हजार छ। एमालेको मत ३५ हजार ८७२ मत मत छ भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को १८ हजार २०५ तथा कांग्रेसको १६ हजार ८५९ मत छ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### हच्किइन्...

'चुनाव हुन्छ नै । २१ फागुनमै हुन्छ । म सरकारलाई पनि के सुझाव राख्न चाहन्छु भने दुई चरण भनेर नगरियोस्, चुनाव एकै चरणमा होस्,' संयोजक दाहालले भने । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले तोकिएको समयमा निर्वाचन हुने भन्दै बिहीबार भने, 'किन्तु परन्तु छैन भनेर सरकारको तर्फबाट र आयोगको तर्फबाट विश्वास दिलाइरहेका छौं हामीले ।'

आयोग आगामी २१ फागुनमा निर्वाचन गर्ने तयारीमा जुटिरहेको छ । तर, हिमाली र उच्च पहाडी भेगमा चैतसम्मै हिउँ पर्ने गरेका कारण त्यस क्षेत्रमा निर्वाचन प्रभावित हुन सक्ने सम्भावना रहेको बताइन्छ ।

■■■

### प्रधानमन्त्रीसँग...

बालुवाटारमा बिहीबार बिहान १० बजे भएको भेटमा ओलीसँगै एमाले नेता विष्णु रिमाल सहभागी थिए । यसैगरी संवादमा प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठ र प्रेस सल्लाहकार राम रावल पनि सहभागी थिए ।

ओलीले निर्वाचन निष्पक्ष हुनेमा शंका व्यक्त गरेका थिए । 'नागरिकको सुरक्षा हुनुपर्छ । मतदानस्थलको पनि सुरक्षामा कमी नहोस् । मलाई निर्वाचनमा धाँधली हुनसक्ने आशंका छ । नेपाली सेनालाई निर्वाचनको अग्रभागमा नराखियोस्,' ओलीले भनेका थिए । सरकारले झापामा प्रहरी प्रमुख सरुवा गरेकोमा पनि ओली रुष्ट छन् । प्रहरी एसपी राजन लिम्बूलाई हटाएर बसुन्धरा खड्कालाई झापाको सुरक्षा कमाण्ड दिएकोमा एमाले रुष्ट सुनिएको हो । यसैले पनि ओलीले सुरक्षाबारे जिज्ञासासमेत राखेका थिए ।

ओली आज आफ्नो चुनावी क्षेत्रमा निस्कँदै छन् । 'भोलि म झापा जाँदै छु । एमाले ध्वंसमा विश्वास गर्दैन । शान्तिमा विश्वास गर्छ । झापामा अहिलेसम्म बुथ कब्जा भएको रेकर्ड पनि छैन । मेरो पक्षबाट शान्ति सुरक्षामा असर पर्ने गतिविधि हुँदैन,' ओलीले भनेका थिए । प्रधानमन्त्री कार्कीले भने निर्वाचन दुई चरणमा हुने भन्ने विषयमा आफूले कुनै अभिव्यक्ति नदिएको बताएकी थिइन् । 'बोल्दै नबोलेको कुरालाई बाहिर ल्याए । सरकारले फागुन २१ गतेबाहेकको मितिमा निर्वाचन गर्ने कल्पना नै गरेको छैन,' प्रधानमन्त्री कार्कीले भनिन् । प्रधानमन्त्रीले एकैपटक निर्वाचन गर्ने प्रस्ट पारेपछि ओलीले कुराकानी छोट्याएका थिए ।

■■■

### एक वर्षमा...

यसपटक भने उनीहरूलाई के गर्ने भनेर कुनै जानकारी प्राप्त नभएको केसीले बताए । 'विभिन्न समयमा कुरा उठिरहेको पनि हो । श्रम मन्त्रालयले कूटनीतिक हिसाबले कुरा राखिदिनू भनेर परराष्ट्रलाई पत्राचार गरेको थियो,' उनले भने, 'परराष्ट्रले आफ्नो हिसाबले केही गर्दै होला सायद । विभागमा केही जानकारी आएको छैन ।'

इजरायलले नेपालसहित भारत, फिलिपिन्स, थाइल्याण्ड, नाइजेरियालगायतका मुलुकबाट कामदार लग्दै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा जिटुजी प्रणालीमार्फत ६३९ जना इजरायल गएका थिए । त्यसैगरी, संस्थागत माध्यमबाट १४९ र पुनः श्रम स्वीकृति लिएर ५५४ जना गरी एक हजार ३४२ जना गएका थिए । जसमध्ये ८१६ जना महिला र ५२६ जना पुरुष छन् । हाल त्यहाँ पाँच हजारभन्दा बढी नेपाली कार्यरत रहेको बताइन्छ ।

इजरायलले बच्चा, वृद्धवृद्धा तथा गम्भीर अपांगता भएकाहरूको स्याहारका लागि नेपालबाट जिटुजी प्रक्रियाबाट केयरगिभर लग्दै आएको छ । त्यहाँ जाने कामदारले प्रत्येक दिन सात घण्टाका दरले हप्ताको छ दिन काम गर्नुपर्छ । अतिरिक्त काम गरे छुट्टै पारिश्रमिक पाइन्छ । इजरायलमा प्रतिमहिना एक जना श्रमिकले पाँच हजार ८८० इजरायली सेकेल अर्थात् दुई लाख रूपैयाँभन्दा बढी कमाउने गरेका छन् ।

■■■

### दाहालल...

यदि तत्कालीन माओवादी केन्द्र (हालको नेकपा) चुनावी तालमेलमा आउँदा रास्वपाका उम्मेदवार बालेन्द्र (बालेन) शाहको चुनौती कमजोर हुने विश्लेषण ओलीको छ । सोही आधारमा ओलीले तालमेलको प्रस्ताव गरेको हुन सक्ने तर तालमेल असम्भव रहेको नेकपा नेता रञ्जित तामाङले बताए । 'मैले यहाँ चुनाव जित्नेगरी माहोल बनाइसकेँ । तर, सुन्दै छु कि हाम्रो संयोजकसँग केपी ओलीले तालमेलको प्रस्ताव गर्नुभयो र उहाँले अस्वीकार गर्नुभयो भन्ने छ,' उनले प्रभावसँग भने, 'मैले संयोजक कमरेडलाई भनिसकेँ, यसपटक चुनाव जितेर आउँछु, तपाईंले दायाँबायाँ नगर्नुहोला ।'

झापा-५ मा रास्वपाका वरिष्ठ नेता शाह उम्मेदवार बनेपछि ओलीले सर्वाधिक चुनौती महसुस गरेका छन् । पछिल्ला निर्वाचनहरूमा निकटतम् प्रतिद्वन्द्वी उम्मेदवारलाई नै झण्डै दोब्बर मतले पराजित गर्दै आएका ओलीका लागि शाह भारी हुने आकलन भइरहेको छ । जेन-जी विद्रोहपछि भएको यो निर्वाचन अघिल्ला निर्वाचनहरू जत्तिको अनुकूल देखिएको छैन । उनीमाथि १९ जना जेन-जीको हत्या गरेको आरोप लाग्दै आएको छ । यो आरोपबाट मुक्त हुन ओलीले खोजिरहेका छन् । बिहीबारमात्रै उनले भने, 'संसद् भवनमा आगो लगाउन गए अरे, पुलिसमाथि हमला भयो अरे, पुलिसले गोली चलायो अरे १९ जना मरे अरे मैले सुनेको हुँ प्रधानमन्त्री हुँदा ।'

संसदीय प्रणालीमा प्रधानमन्त्री कार्यकारी हुने भएकाले प्रधानमन्त्री ओलीको जेन-जी विद्रोहको पहिलो दिन १९ जना मारिनुमा सीधा आदेश भएको कतिपयले तर्क गरिरहेका छन् । फिल्डमा खटिने प्रहरीले विनाआदेश गोली नचलाउने भन्दै उनीहरूले प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारीलगायत संरचनागत प्रणालीमा रहेका अधिकारीहरू जिम्मेवार रहेको बताउने गरेका छन् । यस्तोमा ओलीले आफूले आदेश नदिएको भन्दै स्पष्टीकरण दिएका हुन् ।

जेन-जी विद्रोहलाई पहिलो दिन दबाउन गरेको प्रयासको क्रममा १९ जना जेन-जीको हत्या घटनाले ओलीलाई चुनावमा असहजता निम्तिएको छ । नवपुस्ताका मतदाताहरू उनीबाट बिच्किने जोखिम बढेको विश्लेषणहरू पनि भइरहेको छ । यहीबेला ओलीले नेकपासँग झापा-५ मा चुनावी तालमेलको प्रस्ताव गरेका हुन् । तर, प्रस्तावलाई नेकपा संयोजक दाहालले अस्वीकार गरिदिए ।

ओलीकै दल एमालेका सचिव महेश बस्नेतले बिहीबार नै ओली ३० हजार बढी मतान्तरले विजयी हुने दाबी गरे । उनका अनुसार ओलीको सानदार विजयी हुने छ । रास्वपाबाट भावी प्रधानमन्त्रीका उम्मेदवारसमेत प्रस्तावित 'बालेन'सँग मिलाएको भीड रहेको भन्दै उनले भने, 'झापामा त उहाँले जित्ने भन्ने कुनै सम्भावना देख्दिनँ । ३० हजारभन्दा बढी मतले हाम्रो अध्यक्ष केपी शर्मा ओलीज्यू सानदार मतले जितेर आउनुहुन्छ ।'

माधवकुमार नेपाल नेतृत्वको सरकारमा सामान्य प्रशासनमन्त्री भएका रवीन्द्र श्रेष्ठ भक्तपुरमा जाँदा थामिनसक्नुको भीड देखिएको तर निर्वाचनमा १० हजार जतिमात्रै भोट ल्याएर हारेको प्रसंग जोड्दै उनले बालेनको हालत त्यस्तै हुने तर्क गरे ।

बालेनले आफूलाई मधेस गएर मधेसको 'मसिहा'को रूपमा प्रस्तुत गरेको भन्दै बस्नेतले आलोचना गरे । यद्यपि, बालेन ओलीविरुद्ध खडा भएका प्रभावशाली उम्मेदवार हुन् । २०६४ सालको संविधानसभा निर्वाचनमा तत्कालीन झापा-७ मा नेकपा माओवादीका उम्मेदवार विश्वद्वीप लिङ्देनसँग पराजित हुँदा ओली आत्तिएका थिएनन् । यसपटक भने आत्तिएका छन् । उनले बालेनलाई लक्षित गर्दै 'टुटे सिङ भएका' र 'बतासे अण्डा' चुनावी प्रतिस्पर्धामा रहेको बताएका थिए । बालेनले थप प्रतिक्रिया जनाएका छैनन् ।


## कुवेतमा रोजगार

कम्पनी : RAGHIF AND KARAK RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/02 | पूनः विज्ञापन स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 325731 | चलानी नं. ६०२३९६४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 19 | 0 | 120 | ५६,५७२ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners Indoor (Female) | 0 | 6 | 120 | ५६,५७२ | | | | | | | |

कम्पनी : RASHFAT SHAI RESTAURANT COMPANY — शेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ | पूनः विज्ञापन स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 331188 | चलानी नं.६०२४४९८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 5 | 0 | 110 | ५१,८५८ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook (Pizza Maker) | 5 | 0 | 160 | ७७,४२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322 9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## साउदीमा रोजगार

कम्पनी : Fatima Mazid Al-Otaibi General Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338434 | चलानी नं. ६०२४६२५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Mechanic | 1 | 0 | 2000 | ७७,२६९ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 3 | 0 | 1800 | ६९,५४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LION RECRUITMENT SERVICES PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०८/०६ मा दर्ता भएको **मोसन मोटरर्स आई. एन. सी. प्रा. लि. (प्रा. लि. नं. १५८७३५/०७३/०७४)** लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/२२ गतेको विशेष बैठकले निर्णय गरेकाले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन,२०६३ बमोजिम मिति २०८०।०२।०५ मा प्रा.लि नं.३१३०३७ मा दर्ता भएको सर्व प्रोपर्टिज प्रा.लि को मिति २०८२।१०।२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन,२०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता संजय कुमार शाह (इजाजत पब नं.३९१)**
बिजुलीबजार, काठमाडौं,सम्पर्क नं.९८४१४४९३३८)

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन,२०६३ बमोजिम मिति २०७८।०४।०७ मा प्रा.लि नं.२६५१५१ मा दर्ता भएको क्रस बोर्डर कन्सल्टेन्ट्स प्रा.लि को मिति २०८२।१०।२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन,२०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता संजय कुमार शाह (इजाजत पब नं.३९१)**
बिजुलीबजार, काठमाडौं,सम्पर्कनं.९८४१४४९३३८)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

### कम्पनी दर्ता खारेजी सम्बन्धि हकदावी गर्न आउने बारे १ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८२/०३/११ मा दर्ता भएको कम्पनी दर्ता **नं. ३१४५६७** को **महाकाली आउटसोर्सिङ कम्पनी प्राईभेट लिमटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजम दर्ता खारेज गरिएको ब्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/२३**

**कर्तब्य फुड्स प्रा. लि.** को मिति २०८२/०८/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **फुड पार्क प्रा. लि. (दर्ता नं. २६२०७१)** कायम गर्ने गरी मिति २०८२/०८/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/१०/२६ मा दर्ता कायम भएको **एकता न्यु मेटल वर्कशप प्रा.लि.** (प्रा.लि.नं. २३४१३६/२०७६/०७७) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/२२ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेजी सम्बन्धि ३० दिने सूचना

यस कार्यालयमा मिति २०७६/०६/२८ मा दर्ता भएको प्रा.लि.नं. २२६७०९ को **ओमेगा हिमालयन कृषि फर्म प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/२३ गते**

यस कम्पनीको मिति २०८२/०८/०८ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **एस.डि.एन.टेक्नोलोजी** (दर्ता नं. २३१८३७) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/२८ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **टेकवेब ट्रेडिङ (प्रा.लि.नं. २३१८३७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/२३ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **क्रस बोर्डर मिडिया** (दर्ता नं. ३७२४६७) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१२ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **नेपाल ट्युब मिडिया (प्रा.लि.नं. ३७२४६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/२३ गते**

यस कम्पनीको मिति २०८२/०९/१५ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **एस.एण्ड एस.ग्लोबल टेकीकल ट्रेनिङ इन्स्टिच्यूट** (दर्ता नं. १८३२०६) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१४ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **स्किल केयर नेपाल (प्रा.लि.नं. १८३२०६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### पुराना मेसीन तथा सरसामानहरू लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/१०/२३**

संघको दक्षिणकाली न.पा -२ तौथलीस्थित नेल्रा व्यवसायिक तालिम केन्द्रका पुराना मेसीन तथा अन्य सामानहरू जे-जस्तो अवस्थामा छन्, सोहि अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएको हुँदा लिन इच्छुक कम्पनी, फर्म वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दिन चाहेको रकम उल्लेख गरी संघको केन्द्रीय कार्यालय काठमाडौंमा निवेदन दिनु हुन सूचित गरिन्छ । लिलाम बिक्री गरिने सामानको सूची संघको सूचना पाटीमा टाँस गरिएको छ ।

**नेपाल कुष्ठरोग निवारण संघ**
**केन्द्रीय कार्यालय, काठमाडौं**
**सम्पर्क नं: ०१-४७२००४७, ईमेल : nelranepal@yahoo.com**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शुक्रबार, २३ माघ, २०८२**

| राशि | फल |
|---|---|
| मेष | अधुरा काम बन्नेछन् । लक्ष्मीनारायणको ध्यान गर्नाले दिन शुभ रहनेछ । |
| वृष | धन लाभ हुनेछ । सेतो वस्तु दान गर्नाले लाभ मिल्नेछ । |
| मिथुन | मित्रको सहयोग मिल्नेछ । हरियो वस्त्र प्रयोग गर्दा लाभ मिल्नेछ । |
| कर्कट | खर्च बढ्ने योग रहेको छ । दहि खाएर हिड्नु राम्रो हुन्छ । |
| सिंह | मान सम्मान मिल्नेछ । सूर्य लाई जल चढाएमा लाभ मिल्नेछ । |
| कन्या | नयाँ काम पाइने योग रहेको छ । गणेशजीको पूजा गरेमा बाधा हटेर जानेछ । |
| तुला | भाग्यले साथ दिनेछ । सेतो मीठाई खाएर दिनको सुरुवात गर्नु शुभ हुन्छ । |
| वृश्चिक | स्वास्थ्यमा ध्यान दिनुहोला । हनुमानजीको स्मरण गरेमा कार्य सिद्धि हुनेछ । |
| धनु | व्यापारमा फाइदा हुनेछ । सेतो चन्दनको टीका लगाउनुहोला । |
| मकर | रोकिएको पैसा उठ्नेछ । भोकालाई भोज गराएमा लाभ मिल्नेछ । |
| कुम्भ | मनमा चिन्ता रहनेछ । भगवान रामको नाम जप गर्नुहोला । |
| मीन | धार्मिक यात्रा हुनेछ । चरालाई चारो हाल्नाले दिन मङ्गलमय हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२३ माघ, २०८२ (०६ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.१३ | १४४.७३ |
| युरो | १ को | १६९.९४ | १७०.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.८५ | १९७.६६ |
| स्विस फ्रैन्क | १ को | १८५.२५ | १८६.०२ |
| अस्ट्रेलियन डलर | १ को | १०१.०१ | १०१.४३ |
| क्यानाडियन डलर | १ को | १०५.३८ | १०५.८२ |
| सिङगापुर डलर | १ को | ११३.४२ | ११३.८९ |
| जापानी येन | १० को | ९.२४ | ९.२८ |
| चिनियाँ युआन | १ को | २०.७७ | २०.८६ |
| साउदी अरब रियाल | १ को | ३८.४३ | ३८.५९ |
| कतारी रियाल | १ को | ३९.५४ | ३९.७१ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.२४ | ३९.४१ |
| मलेसियन रिंङेट | १ को | ३६.६५ | ३६.८० |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १६.१० | १६.१६ |
| डेनिस क्रोनर | १ को | २२.७५ | २२.८५ |
| हङकङ डलर | १ को | १८.४५ | १८.५२ |
| कुवेती दिनार | १ को | ४७१.८६ | ४७३.८३ |
| बहराइन दिनार | १ को | ३८२.३१ | ३८३.९० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# निर्वाचनका लागि सवारीसाधन अनुमतिसम्बन्धी कार्यविधि जारी

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आगामी निर्वाचनलाई लक्षित गर्दै 'सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२' जारी गरेको छ ।

निर्वाचन प्रचारप्रसारको अवधि तथा मतदानको दिन सवारीसाधनको प्रयोगलाई व्यवस्थित, मर्यादित र नियन्त्रित बनाउन उक्त कार्यविधि लागू गरिएको आयोगले जानकारी दिएको छ । राजनीतिक दल, उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिले निर्वाचन प्रयोजनका लागि प्रयोग गर्ने सवारीसाधनको अनुमति प्रक्रिया स्पष्ट पार्न आवश्यक भएकाले कार्यविधि जारी गरिएको हो ।

आयोगबाट यही माघ २० गते स्वीकृत कार्यविधिअनुसार राजनीतिक दल, उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले सवारीसाधन प्रयोग गर्न अनुमतिपत्रका लागि सम्बन्धित निर्वाचन अधिकृतसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्ने छ । निवेदन प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकिएको सीमाभित्र रही अनुमतिपत्र जारी गर्ने व्यवस्था गरिएको छ ।

प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य निर्वाचनका उम्मेदवारले बढीमा दुईवटा दुईपांग्रे, तीनपांग्रे वा चारपांग्रे (विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने) हलुका सवारीसाधन प्रयोग गर्न पाउने छन् । यस्ता सवारीसाधन सञ्चालन नहुने स्थानमा बढीमा चारवटा घोडा प्रयोग गर्न सकिने व्यवस्था छ । यस्तै, स्थानीय तह निर्वाचनका हकमा महानगरपालिका तथा उपमहानगरपालिकाका प्रमुख वा उपप्रमुखका उम्मेदवारले बढीमा दुईवटा हलुका सवारीसाधन प्रयोग गर्न पाउने छन् । नगरपालिका प्रमुख, उपप्रमुख तथा गाउँपालिका अध्यक्ष वा उपाध्यक्षका उम्मेदवारलाई एउटा हलुका सवारीसाधन प्रयोग गर्न अनुमति दिइने छ ।

वडाध्यक्ष तथा वडा सदस्यका उम्मेदवारले भने उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्नेगरी एउटा सवारीसाधन प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ । सवारीसाधन सञ्चालन नहुने स्थानमा गाउँपालिका वा नगरपालिकाका प्रमुख तथा उपप्रमुखका लागि दुईवटा र वडा तहका उम्मेदवारका लागि एउटा घोडा प्रयोग गर्न सकिने छ ।

निर्वाचन प्रचारप्रसारका लागि प्रयोग हुने सवारीसाधनको अनुमतिपत्र जारी गर्दा मौन अवधिमा सवारीसाधन प्रयोग गर्न नपाइने जानकारी अनिवार्यरूपमा गराउनुपर्ने व्यवस्था गरिएको छ । कार्यविधिमा मौन अवधि मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदान सम्पन्न नभएसम्मको समयावधिलाई जनाइएको छ ।

अनुमतिपत्र नलिई सवारीसाधन प्रयोग गरेमा वा मौन अवधिमा अनुमति प्राप्त सवारीसाधन प्रयोग गरेमा त्यस्ता सवारीसाधन नियन्त्रणमा लिई निर्वाचन समाप्त भएपछि मात्र फिर्ता गरिने छ । यस सम्बन्धमा जिल्ला आचारसंहिता अनुगमन समितिले नियमित अनुगमन गरी उल्लंघन देखिएमा स्थानीय प्रशासनलाई सवारीसाधन नियन्त्रणमा लिन निर्देशन दिनुपर्ने व्यवस्था कार्यविधिमा राखिएको छ ।

मतदानको दिन अनुमति प्राप्त सवारीसाधनबाहेक अन्य कुनै पनि सवारीसाधन सञ्चालन गर्न नपाइने व्यवस्था गरिएको छ । यद्यपि, हवाई उडानको हकमा भने यो व्यवस्था लागू हुने छैन । यस्तै, मतदानको दिन उम्मेदवार, सुरक्षाकर्मी, संवैधानिक निकाय तथा पदाधिकारी, राष्ट्रिय सूचना आयोग, पर्यवेक्षक, कूटनीतिक नियोग, संयुक्त राष्ट्रसंघका नियोग, सञ्चारमाध्यम, विदेशी पर्यटक, अन्तरराष्ट्रिय संघसंस्था, अवलोकनकर्ता, अनुगमनकर्ता, विशिष्ट अतिथि तथा आयोगले तोकेका अन्य निकाय र व्यक्तिलाई सवारीसाधन प्रयोगको अनुमति दिन सकिने कार्यविधिमा जनाइएको छ ।

उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिले मतदानको दिन सवारीसाधन चलाउन उम्मेदवार परिचयपत्रको प्रतिलिपि संलग्न गरी सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतसमक्ष निवेदन दिनुपर्ने छ । उम्मेदवारबाहेक अन्य निकाय वा पदाधिकारीले सम्बन्धित निकायको आधिकारिक पत्रसहित मतदान हुने दिनभन्दा कम्तीमा दुई दिनअघि अनुमति माग गर्नुपर्ने व्यवस्था कार्यविधिमा छ ।

काठमाडौं जिल्लाको हकमा आयोग परिसरमा स्थापना गरिने एकीकृत सवारीसाधन आवागमन 'डेस्क'मार्फत अनुमति प्रक्रिया सञ्चालन गरिनेछ भने अन्य जिल्लामा जिल्ला प्रशासन कार्यालयले मुख्य निर्वाचन अधिकृतको समन्वयमा अनुमति जारी गर्ने छ । कार्यविधिअनुसार विदेशी नम्बर प्लेट भएका सवारीसाधनलाई चुनाव प्रचारप्रसार प्रयोजनका लागि प्रयोग गर्न अनुमति दिइने छैन ।

## प्रहरी कर्मचारीलाई निर्वाचन लक्षित प्रशिक्षण

**काठमाडौं (प्रस)–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षामा परिचालन हुने प्रहरी कर्मचारीलाई निर्वाचन लक्षित प्रशिक्षण कार्यक्रम बुधबारदेखि प्रहरी प्रधान कार्यालयमा सुरू भएको छ ।

निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्ने प्रयोजनका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजनाअनुसार निर्वाचन सुरक्षार्थ खटिने प्रहरी कर्मचारीलाई तालिम दिइएको हो ।

पहिलो चरणअन्तर्गत नेपाल प्रहरी प्रधान कार्यालय, ब्युरोहरू र नेपाल प्रहरी असपताल महाराजगञ्जमा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षकदेखि प्रहरी कार्यालय सहयोगीसम्म गरी जम्मा चार हजार १४८ जनालाई चरणबद्धरूपमा १० दिनसम्म उक्त तालिम दिइने केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ ।

यसैगरी, सबै जिल्ला प्रहरी कार्यालयमा गठित निर्वाचन 'सेल'मार्फत चरणबद्ध रूपमा निर्वाचनको सुरक्षार्थ खटिने प्रहरीलाई निर्वाचन लक्षित तालिम सञ्चालन गरिने छ ।

तालिममा निर्वाचन सुरक्षा, परिचय, निर्वाचनमा प्रहरीको भूमिका, सुरक्षा व्यवस्थापन, निर्वाचन सुरक्षा र प्रहरीले सुरक्षा व्यवस्थामा अपनाउनुपर्ने भूमिका वा अवस्थाहरू, निर्वाचन कार्यमा सुरक्षा पुऱ्याउनुपर्ने क्षेत्रहरू, निर्वाचनमा आई पर्नसक्ने समस्याहरू, विभिन्न व्यक्तिहरूले प्रहरीबाट पाउने सेवाको अपेक्षा तथा निर्वाचनमा प्रहरीको दायित्व, मतदान केन्द्रको निर्माण, मतदान केन्द्र निर्माण गर्दा ध्यान दिनुपर्ने विषय, निर्वाचन आचारसंहिता, २०८२ अन्तर्गत सुरक्षा निकाय, सुरक्षाकर्मी तथा सुरक्षासम्बद्ध कर्मचारीले पालना गर्नुपर्ने आचरण, निर्वाचन व्यवस्थापन सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७, प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ मा भएका निर्वाचनसम्बन्धी (अपराध एवं दण्ड सजायसम्बन्धी व्यवस्था) लगायतका विषयवस्तुहरूमा प्रशिक्षण दिइने छ ।

## मलेसियामा मृत्यु भएका लालमणिको परिवारलाई राहत

**काठमाडौं (प्रस)–** रोजगारीको सिलसिलामा मलेसियामा ज्यान गुमाएका लालमणि बस्नेतको परिवारलाई राहतस्वरूप २५ हजार मलेसियन रिंगिट (करिब नौ लाख २० हजार रूपैयाँ) रकम उपलब्ध गराइएको छ । मलेसियास्थित बस्नेतले काम गरेको कम्पनी फ्रेटवाच सेक्युरिटी सर्भिसेजको प्रतिनिधिले बुधबार काठमाडौंमा उनकी श्रीमती आरती बस्नेतलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।




बस्नेतलाई पठाउने संस्था आरए इन्टरनेसलन इम्प्लोइमेन्ट एजेन्सी प्रालिको खातामा रकम पठाएपछि चेक हस्तान्तरण गर्न कम्पनीका प्रतिनिधि काठमाडौं आइपुगेका थिए । दाङको नयनपुर-४ का बस्नेत मलेसिया गएर सुरक्षा गार्डको रूपमा उक्त कम्पनीमा काम गर्दै आएका थिए ।

कम्पनीको ड्युटीकै क्रममा दुर्घटनामा परी टाउकोमा गम्भीर चोट लागेर घाइते भएका बस्नेतको गत मंसिर १० गते निधन भएको थियो । मृतक बस्नेतका श्रीमतीसहित एक छोरा र एक छोरी छन् ।

## Invitation for Bids

**Shree Amarjyoti Secondary School**

Kharanitar, Nuwakot

Bagmati Province, Nepal

**Invitation for Bids for the 01-AMARJYOTI-082/83**

**Date of Notice Publication: 6th Feb 2026**

1. Amarjyoti Secondary School invites electronic bids from eligible bidders for the Construction of Shree Amarjyoti (Technical) Secondary School (Canteen Block) (Phase 5) under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Amarjyoti Secondary School, Kharanitar, Nuwakot or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Agricultural Development Bank Ltd.**
   **Name of Office: Shree Amarjyoti Madhyamik Bidhyalay**
   **Office Account no.: 02-133-00985862-01-7**
   **Account Type: Chalti Khata**
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office of Amarjyoti Secondary School, Kharanitar, Nuwakot through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon On 9th March 2026. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 9th March 2026 at the office of Amarjyoti Secondary School, Kharanitar, Nuwakot. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 2,50,000.00** deposited at School's account No. : 02-133-00985862-01-7 on behalf of Amarjyoti Madhyamik Bidhyalay, Kharanitar, at Agricultural Development Bank Limited, Kharanitar branch, Nuwakot or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 120 Days from the date of bid opening)**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| Contract Identification No. | Description of Works | Total Estimated Amount With VAT & PS (Nrs.) | Bid Security Amount(Nrs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 01-AMARJYOTI-082/83 | Construction of Shree Amarjyoti (Technical) Secondary School (Canteen Block) (Phase 5) | 96,57,743.05 | 2,50,000.00 | NRs. 3,000.00 |

**Principal**


**ओमनमा रोजगार** — कम्पनी : ITQAN FOR FACILITY MANAGEMENT AND SERVICES SPC

पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | LT. No. 338314 | चलानी नं. ६०२५१८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Public Building | 75 | 0 | 100 | ३७,६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

**साउदीमा रोजगार** — कम्पनी : Arafat Al Sharq Industrial Company

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338409 | चलानी नं. ६०२५१८६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ३८,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६९,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/ 4589323, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम ईजाजत नं. ११०८/०७३/०७४

**युएइमा रोजगार** — कम्पनी : ASSENT STEEL INDUSTRIES LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338427 | चलानी नं. ६०२५१८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rigger (GCC) | 5 | 0 | 1500 | ५९,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 5 | 0 | 1500 | ५९,१८० | | | | | | | |
| 3. | Structural Fitter / Fabricator | 15 | 0 | 1500 | ५९,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

**साउदीमा रोजगार** — कम्पनी : SAED MAKEEN — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 338300 | चलानी नं. ६०२५१८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 3200 | १२३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAZBAZA INTERNATIONAL TRADING COMPANY — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338405 | चलानी नं. ६०२५१८५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 30 | 0 | 1000 | ३८,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080

**मलेसियामा रोजगार** — कम्पनी : Lavender Confectionery & Bakery Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338358 | चलानी नं. ६०२५१८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 57 | 0 | 1700 | ६२,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Finnit Packaging Industries Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338359 | चलानी नं. ६०२५१८८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 9 | 0 | 1700 | ६२,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५

**कुवेतमा रोजगार** — कम्पनी : CACAOEVA CATERING

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 338240 | चलानी नं. ६०२५१८१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers/Packers | 7 | 7 | 120 | ५६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.**
श्रम ईजाजत नं. ७०३/०८४/८५
Basundhara, Kathmandu, Nepal, Tel: 01-5910659, Whatsapp: +977- 9851320507
Mob: 9851315983, 9818002688, 9851044323, 9861605199, 9841076393, 9810264566, 9843748018.
Email: brightstarhrnp@gmail.com/Web: brightstarhr.com

**साउदीमा रोजगार** — कम्पनी : Nakhawat al Taam For fast food Establishment

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338456 | चलानी नं. ६०२५१८८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1200 | ४६,३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**युएइमा रोजगार** — कम्पनी : AMAN TAXI - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | LT. No. 338267 | चलानी नं. ६०२५१८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Taxi Drivers | 100 | 0 | 2500 | ९८,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CASTLE EMPLOYMENT SERVICE**
(Near Int'l Airport) Sinamangal Tower Ground Floor, Sinamangal-9, Kathmandu Tel: 015927299, 015927199
Email: doc.castleemployment@gmail.com, castleemplotment2025@gmail.com, Web: www.castleemploymentservice.com.np
श्रम ईजाजत नं. १७९०/०८२/८३

**कतारमा रोजगार** — कम्पनी : Al Shera Trading And Contracting WLL

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338343 | चलानी नं. ६०२५१८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (bus) | 2 | 0 | 1900 | ७५,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaner Worker | 10 | 8 | 1200 | ४७,७५१ | | | | | | | |
| 3 | Helper | 1 | 0 | 1000 | ३९,७९३ | | | | | | | |
| 4 | Mason | 1 | 0 | 1200 | ४७,७५१ | | | | | | | |
| 5 | Purchasing Representative | 1 | 0 | 2200 | ८७,५४५ | | | | | | | |
| 6 | Stone Mason | 2 | 0 | 1200 | ४७,७५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD**
LIC No. 1476/074/75
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## श्रमिक ठग्ने प्रावधान खारेज गर

सरकारले 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधान अव्यवहारिक देखिएको भन्दै यसलाई खारेज गर्ने तयारी गरेको छ । सरकारले वैदेशिक रोजगारीमा जाने कामदारमाथि भइरहेको आर्थिक शोषण अन्त्य गर्ने उद्देश्यले उक्त प्रावधान लागू गरेको थियो । जसअनुसार म्यानपावर कम्पनीले कामदारसँग सेवा शुल्कबापत १० हजार रूपैयाँमात्र उठाउन पाउने र बाँकी टिकट र भिसालगायत शुल्क सम्बन्धित कम्पनीले नै बेहोर्नुपर्ने व्यवस्था थियो ।

बहराइन, कतार, साउदी, युएई, ओमान, कुवेत र मलेसिया काम गर्न चाहने कामदारले त्यहाँ जानका लागि भिसा र हवाई टिकटको पैसा तिर्नुपर्दैन । जुन कम्पनीमा काम गर्न जाने हो त्यही कम्पनीले कामदार आउजाउ खर्च बेहोनुपर्ने प्रावधान भए पनि वैदेशिक रोजगार व्यवसायीहरूले भने मोटो रकम असुल्दै आएका छन् । कामदारबाट व्यवसायीले प्रतिव्यक्ति दुई लाख रूपैयाँसम्म असुल्ने गरेको विषयमा सरकार स्वयं जानकार छ । कामदारसँग अवैधरूपमा लिने उक्त रकमको बिलसमेत हुँदैन । पैसा लिएको कुरा गोप्य राख्न कामदारलाई दबाब दिइँदै आएको छ । जसकारण रकम लिएको कुनै प्रमाण पनि हुँदैन । यही कारण कामदारलाई अप्ठेरो परेको बेला उनीहरू बोल्न पाउँदैनन् ।

यसबारे सरकार पनि जानकार भएर पनि अनदेखा गरिरहेको छ । यसरी आफैंले लागू गरेको प्रावधानमा व्यवसायीहरूले लुट मच्चाउँदा पनि सरकारले कुनै कारबाही अगाडि बढाएको छैन । कामदारमाथि यो दोहोरो ठगी हो । त्यसो त म्यानपावर व्यवसायीहरूले पनि अवैधरूपमा कामदारसँग रकम लिइरहेको विषय स्वीकार गर्दै आएका छन् । उनीहरूले कामदारसँग १० हजार रूपैयाँ सेवा शुल्क लिएर पठाउन नसकिने खुलारूपमा बताउँदै आएकाबाट पनि अवैध कारोबारको स्वीकारोक्ति पुष्टि हुन्छ ।

यसरी 'फ्रि भिसा, फ्रि टिकट'को नाममा कामदारमाथिको ठगीलाई निरन्तरता दिनुभन्दा यो प्रावधान खारेज गर्नु नै ठीक हो । जसले गर्दा कामदारले आफूले रकम तिरेको रसिद वा प्रमाण बोक्न पाउँछन् । काम गर्ने क्रममा वा रोजगार क्षेत्र अनिश्चित हुँदा प्रश्न गर्न पाउँछन् खबरदारी गर्न पाउँछन् । व्यवसायीहरू पारदर्शी हुन चाहेको अवस्थामा यो प्रावधानको खारेज गर्नु नै उपयुक्त देखिन्छ ।

अधिकांश खाडी मुलुकसँगको सम्झौतामा 'इम्प्लोयर पे मोडल'को प्रावधान हुँदाहुँदै पनि त्यसलाई कार्यान्वयन गर्ने कुनै कदम सरकारले चाल्न सकेको छैन । सरकारी निकायले यसमा कडाइ गर्न कुनै प्रयत्न पनि गरेको छैन । यस्तो अवस्थामा खुलेआम लुटिनुभन्दा खारेज गरेर कामदारको हितमा हुनेगरी नयाँ व्यवस्था तत्काल लागू गरियोस् ।

**श्रम सरोकार**

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# 'महानगरको कामलाई संस्थागत बनाउनुपर्ने थियो, व्यक्तिगतजस्तै बनाएको देखियो'



**विद्यासुन्दर शाक्य**, पूर्वमेयर, काठमाडौं महानगरपालिका

यतिखेर देशमा फागुन २१ मा हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको माहोल कुम्भमेलाजस्तो लागिरहेको छ । जेन-जी विद्रोहका कारण संसद् भंग गरी नयाँ प्रतिनिधि चयन गर्नका लागि प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदै गर्दा कतिपय स्थानीय तह तथा प्रदेश तहका जनप्रतिनिधिहरूले राजीनामा दिएर निर्वाचनमा होमिएका छन् । पाँच वर्षका लागि निर्वाचित भएर गएका प्रमुखहरु अवधि नपुग्दै प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवारी दिँदा राजीनामा दिएर हिँडेका छन् । काठमाडौं महानगरपालिका पनि अहिले प्रमुखविहीन छ । संविधानअनुरूप उपप्रमुखले कार्यवाहकको जिम्मेवारी सम्हालेको अवस्था छ । विगत साढे तीन वर्षको अवधिलाई महानगरका पूर्वप्रमुख **विद्यासुन्दर शाक्य**ले कसरी नियालिरहेका छन् त ? भन्ने विषयमा *प्रभाव*का लागि **बैकुण्ठ भण्डारी**ले गरेको कुराकानीः

**यहाँले अघिल्लो पाँच वर्षको पूर्ण कार्यकाल काठमाडौं महानगरको नेतृत्व सम्हाल्नुभयो । तपाईंपछि आएको नयाँ नेतृत्वले सम्हालेको पछिल्लो साढे तीन वर्षको अवधिमा महानगरबाट भएका काम कारबाहीलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

म २०७२ सालको संविधान प्राप्ति र तीन तहको सरकार बनेपछिको पहिलो मेयरका रूपमा निर्वाचित भएको हुँ । स्थानीय सरकार प्रदेश सरकार मातहतमा सञ्चालन हुनुपर्ने थियो । तर प्रदेश सरकारसँग कानुन, कार्यालय, कर्मचारी केही नभएको अवस्थामा हामीले महानगरलाई सञ्चालन गर्न संघ र प्रदेशको कानुनसँग नबाझिनेगरी धेरै कानुन निर्माण गर्‍यौं । धेरै चुनौतीका बाबजुत काम गर्नुपर्ने अवस्था थियो । १५ वर्षसम्म कर्मचारीले चलाएको स्थानीय निकायलाई चलाउनुपर्ने कठिनजस्तै थियो । तर पछि निर्वाचित भएर आउने जनप्रतिनिधिलाई कानुनी दृष्टिकोणले त्यो चुनौती भएन । किनकि, हामीले कानुन निर्माण गरिदिएका थियौं । संशोधन गर्नुपर्ने भए त्यो पनि गरिसकेका थियौं । अझ, हामी कस्तो बेलामा निर्वाचित भएका थियौं भने भूकम्पबाट थिलथिलो भएको सहरलाई पुर्ननिर्माण गर्नुपर्ने अवस्था थियो । कोभिड-१९ को महामारीका कारण जनतालाई सुरक्षित गराउनुपर्ने अवस्था थियो । मेरो कार्यकालमा कोभिड महामारीबाट नागरिकलाई सुरक्षित गर्दै सम्पदालगायत पुर्ननिर्माणका कामलाई सञ्चालन गर्नुपरेको थियो । स्थानीयबासीलाई करको दर घटायौं । स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन अस्पतालसँग सहकार्य गरेको थियौं । अहिले साढे तीन वर्षमा मैले सुरुआत गरेका पुनर्निर्माणका कामहरूले पूर्णता पाएको छ ।

**त्यत्ति धेरै काम गर्नुभएको रहेछ, तर किन बाहिर आउन सकेन त ?**

स्थानीय जनतालाई मैले के काम गरेँ भन्ने कुरा थाहा छ । ५० हजारभन्दा बढी करदाताले बुझ्नुभएको छ । मैले आफूलाई दिएको जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्ने प्रयास गरेँ । तपाईंले भनेजस्तो प्रचारबाजी, हल्ला र विज्ञापन गरिएन ।

**तपाईंले आफ्नो पाँच वर्षे कार्यकालमा गर्नुभएको कामलाई कसरी बुझाउनुहुन्छ ?**

अहिले काठमाडौं महानगरपालिकाबाट भएका विकास निर्माणका काम हुन् वा जनताका सरोकारका कामहरू सबै मैले नै सुरु गरेको हुँ । त्यसबेला कोभिड-१९ मा जनतालाई सुरक्षित गर्न अस्पतालसँग सहकार्य गरेर उपचार सहज बनाउनेदेखि बाटोघाटो, भत्किएका संरचनाहरूको पुनर्निर्माण सुरु गरिएकोमा अहिले अधिकांश सम्पन्न भए । कतिपय अझै पनि निर्माणाधीन अवस्थामा छन् । तपाईं आफैंले स्थानीय तहको पहिलो पाँच वर्ष र पछिल्लो साढे तीन वर्षको अध्ययन गर्नुस् त ।

तपाईं अस्पतालहरू घुम्नुस् । सरकारी र सामुदायिक अस्पतालहरूमा हामीले सहयोग गरेका छौं । जनताको निःशुल्क उपचारका लागि भनेर क्षेत्रपाटी अस्पतालसँग सहकार्य गरियो । जुन अहिले बन्दै छ । त्यस्तै डल्लु आवास क्षेत्रमा बन्दै गरेको अस्पताल पनि हाम्रै पालामा सहकार्य भएको हो । डा. भगवान कोइरालाको नेतृत्वमा निर्माण भएको बाल अस्पतालमा पनि सहयोग गरेका छौं । अधिकांश अस्पतालमा अक्सिजन प्लाण्ट निर्माण गरिदिएका छौं । सिंगो देशबासीले नै स्वास्थ्य सुविधा पाउन् र महँगो अस्पताल जानु नपरोस् भनेर सरकारी र सामुदायिक अस्पतालका पूर्वाधार र अत्याधुनिक मेसिन हामीले खरिद गरेर दिएका थियौं ।

**भूकम्पपछिको पुनर्निर्माण, कोभिडको महामारीमा नेतृत्व गरेर काम गरेको व्यक्ति किन गुमनाम त ?**

वस्तु राम्रो कि नराम्रो भन्ने कुरा विज्ञापनले निहित गर्ने भो । सामाजिक सञ्जालका कारण के हो, के होइन भन्ने कुरा छुट्ट्याउन गाह्रो बनाइदिएको छ । पैसा पाए भन्दैमा जे पनि सञ्जालमा हालिदिने परम्पराले गर्दा जनतालाई भ्रम छर्ने र मुर्ख बनाउने काम भइरहेको देखिन्छ । 'अकबरी सुनलाई कसी लगाउनु पर्दैन' भनेजस्तै काम गरेका छौं । आजका दिनसम्म पनि शिर ठाडो पारेर मत दिने मतदाता र टिकट दिने पार्टीलाईसमेत गौरव गर्न लायक बनाएको हो ।

**त्यसो भए शिर ठाडो बनाएर हिंड्न सक्ने गरी काम गर्नु भयो ?**

तपाईं जहाँसुकै गएर सोध्नुस् । सबैले एउटै भन्छन्, काम धेरै गर्नुभयो हल्ला कम गर्नुभयो । त्यसैले बाहिर नदेखिएको होला । भूकम्पपछि काठमाडौं बस्नलायक सहर भएन भन्दै धेरैले छाडेर गए । लासैलासको काठमाडौं हुने भो, महामारी फैलिने भो भनेर काठमाडौं छाडेर गए । हजारौं मानिस खान नपाएर मर्ने भए भनियो । भूकम्पपछि संघीय सरकारले बनाउँछ भनेर बसेको भए अहिले १० प्रतिशत पनि बनिसकेको हुँदैनथ्यो । तर हामीले महानगर आफैंले बनाउन सक्छ भनेर बनायौं । भूकम्पले क्षतिग्रस्त सहरलाई फेरि पुरानै लयमा फर्कायौं । त्यस्तैगरी कोभिडको समयमा पनि त्यस्तै हल्ला गरेर हिंडे । हामीले कोभिडको समयमा घरघरमा खाना पुर्‍यायौं । कोभिडका बिरामीलाई अस्पताल पुर्‍याउनका लागि १०२ नेपाल एम्बुलेन्स सेवासँग सहकार्य गरेर एम्बुलेन्स सेवा सञ्चालन गर्‍यौं । त्यसबेला घरबाट अस्पताल र अस्पतालबाट घर आउने बिरामीका आफन्तका लागि निजी एम्बुलेन्ससँग सहकार्य गरेर सेवा दियौं । जनतालाई अप्ठेरो पर्दा हामी छौं, काठमाडौं महानगर छ, अनि सिंगो काठमाडौं उपत्यका मेयर फोरम छ भन्ने महसुस गरायौं ।

> स्थानीय जनतालाई मैले के काम गरेँ भन्ने कुरा थाहा छ । ५० हजारभन्दा बढी करदाताले बुझ्नुभएको छ । मैले आफूलाई दिएको जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्ने प्रयास गरेँ । प्रचारबाजी, हल्ला र विज्ञापन गरिएन ।

> सबैभन्दा ठूलो कुरा नीति हो । नीति राम्रो भएन भने अरू कुरा केही हुँदैन । हामी आइसकेपछि जनप्रतिनिधि विदेश गएनौं, कर्मचारीलाई पनि रोकिदिएका थियौं । तर अहिले बेरूजु रहनेगरी विदेश गएको देखिन्छ ।

> हामी आफ्नै खुट्टामा उभिन सकौं, सक्नुपर्दछ भनेर हामीले काम गरेका हौं । सरकारले बजेट नदिए पनि महानगरले विकास गर्न सक्छ भन्ने मेयर मै हुँ । अहिलेजस्तो अनावश्यक खर्च गरिदिएको भए के हुन्थ्यो ?

> सरकारी कार्यालयमा भए गरेका कामहरू संस्थागत हुनुपर्दथ्यो, पछिल्लो साढे तीन वर्षमा त्यो भएको देखिएन, व्यक्तिगतजस्तै भयो । यसले भविष्यमा ठूलो समस्या निम्त्याउन सक्छ । संस्थाले गरेको काम व्यक्तिगत हुँदा पारदर्शी हुँदैन ।

> राजनीति गर्ने मान्छे सेवाभावले अगाडि बढ्नुपर्दछ । म हिजो पदमा हुँदा पनि जनताको घरदैलोमा जान्थें । अहिले पदमा नहुँदा पनि घरदैलोमा नै छु । जनतासँग भागेर डराएर लुकेर हिंड्नु पर्ने अवस्था छैन ।

**१०२ एम्बुलेन्स २०७५ मा नै सञ्चालनमा आयो, त्यसो भए ब्रुमरको कथा के हो त ?**

सहरलाई धूलोमुक्त बनाउनुपर्छ भन्ने योजनाअनुरूप म मेयर भएर आउनुभन्दा अगाडि नै कर्मचारी संयन्त्रले महानगर चलाएको बेलामा ब्रुमर खरिद प्रक्रिया अगाडि बढाइसकेको थियो । जुनबेला हामी जनप्रतिनिधि थिएनौं । दलीय प्रतिनिधिमा रूपमा काम गरिरहेका थियौं । अहिलेका काठमाडौंका जिल्ला प्रशासन कार्यालयका प्रमुख ईश्वरराज पौडेल त्यसबेला काठमाडौं महानगरको कार्यकारी प्रमुखका रूपमा कार्यरत हुनुहन्थ्यो । त्यसबेला नै पाँचवटा ब्रुमर खरिद प्रक्रिया अगाडि बढेको र म निर्वाचित भएर आएपछि ब्रुमर आएको हो । दुईवटा ब्रुमर तात्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा म मेयरका रूपमा चीन भ्रमणमा गएको बेला अनुदानमा सहयोग आएको हो । त्यो समन्वय तात्कालीन चीनका लागि नेपाली राजदूत लीलामणि पौडेलले गर्नुभएको हो ।

**भनेपछि ब्रुमर अहिले यो तीन वर्षको बीचमा आएको होइन ?**

होइन । स्थानीय तहको निर्वाचन हुनुपूर्व नै खरिद प्रक्रियामा अगाडि बढेको ब्रुमर मेरो कार्यकालमा आइपुगेको र दुईवटा अनुदान प्राप्त भएको हो । यस्ता कतिपय काम अलि लामो समयमा नै पूरा हुन्छन् । जस्तैः म मेयर हुँदा शिलान्यास भएको कीर्तिपुण्य महाविहार गत आइतबार मैले नै उद्घाटन गरेँ । यसको मतलब के हो भने पूर्वाधारको विकास गर्न समय लाग्छ । हामीले सुरु गरेका काम अहिले पूरा भएर देखिँदै छन् । ब्रुमरको जसले जस्तो खाले हल्ला चलाए पनि त्यो अहिले आएको होइन । मेरो पालाभन्दा अगाडिकै काम हो । मेरो चाहना यति ब्रुमरले पुग्दैन भन्ने थियो । गल्लीगल्लीमा पुग्ने ब्रुमर खरिद गरी धूलोमुक्त बनाउनुपर्छ भन्ने अभियानमा हामी जुटेका थियौं ।

**दमकलको कुराचाहिँ के हो ?**

दमकल हाम्रो कार्यकालमा महानगरले खरिद गरेको हो । सायद नेपालको इतिहासमा नै दमकल खरिद गर्ने हामी नै हो । तर विडम्बना काठमाडौं जलिरहँदा त्यो दमकल प्रयोग भएन । यस्तै विपद्का बेला भनेर हाम्रो कार्यकालमा तीन स्थानमा दमकल स्टेसन बनायौं । हनुमानढोकामा रहेका दमकलले मात्र पुग्दैन भनेर बौद्ध रामहिटी, बालाजुमा थप्यौं तर काठमाडौं जलिरहँदा दमकल प्रयोग हुन पाएन ।

**तपाईंहरूको पालामा अन्य पालिकालाई पनि सहयोग गर्नुभएको थियो, के छ अवस्था अहिले ?**

सबैभन्दा ठूलो कुरा नीति हो । नीति राम्रो भएन भने अरु कुरा केही हुँदैन । पहिले कोही विदेशी आउँदा हामीले हात थाप्थ्यौं । विदेशीलाई चिट्ठी लेखेर हामीलाई बोलाऊ भन्ने चलन थियो । अहिले एक जना मन्त्रीको विवाद जसरी आयो पहिले त्यही हुन्थ्यो । हामी आइसकेपछि जनप्रतिनिधि पनि गएनौं, कर्मचारीलाई पनि रोकिदिएका थियौं । तर अहिले बेरुजु रहनेगरी विदेश गएको देखिन्छ । काठमाडौं महानगरपालिकाले अरुसँग हात थाप्ने होइन, आफूसँग भएको स्रोत साधन आफ्ना नागरिकका लागि सदुपयोग गर्नुपर्दछ भन्ने हो । हामीले नगर-नगर साझेदारी गरेर आर्थिकरूपमा कमजोर भएका पालिकालाई सम्पदा र हरियाली प्रवर्द्धन गर्न सहयोग गरेका हौं ।

**अहिले धेरै विदेश गए भन्ने आरोप लगाउन खोज्नुभएको हो ?**

भएको जे हो त्यही भन्न खोजेको हो । आरोप लगाउन खोजेको होइन । हामी आफ्नै खुट्टामा उभिन सकौं, सक्नुपर्दछ भनेर हामीले काम गरेका हौं । सरकारले बजेट नदिए पनि महानगरले विकास गर्न सक्छ भन्ने मेयर मै हुँ । अहिलेजस्तो अनावश्यक खर्च गरिदिएको भए के हुन्थ्यो ? अनावश्यक खर्च नगरेर जनताबाट उठाएको राजस्व सञ्चित गरेर राखिदिएका थियौं । अनि विदेशी संघसस्थासँग कहिल्यै हात फैलाउने काम हाम्रो पालामा भएन ।

**त्यसो भए महानगरपालिका नीतिभन्दा फरक ढंगले सञ्चालन भयो ?**

सरकारी कार्यालयमा भए गरेका कामहरू संस्थागत हुनुपर्दथ्यो, पछिल्लो साढे तीन वर्षमा त्यो भएको देखिएन, व्यक्तिगतजस्तै भयो । यसले भविष्यमा ठूलो समस्या निम्त्याउन सक्छ । संस्थाले गरेको काम व्यक्तिगत हुँदा पारदर्शी हुँदैन । कतिपय इतिहास बन्ने वस्तु वा चीज पनि लुक्ने वा हराउने हुन्छ । पछिल्लो करिब साढे तीन वर्षमा भएका धेरै काम व्यक्तिगत भए, संस्थागत हुन सकेन । बरु अघिल्लो कार्यकालमा सुरु भएका कामहरूले पूर्णता पाएका छन् ।

**यत्तिको नरम मान्छेलाई पार्टीले अन्याय गर्‍यो भन्छन् नि ?**

छैन । मलाई मेरो पार्टी र नेतृत्वले अन्याय गरेको छैन । न्याय नै गरिरहेको छ । राजनीति गर्ने मान्छे सेवाभावले अगाडि बढ्नुपर्दछ । म हिजो पदमा हुँदा पनि जनताको घरदैलोमा जान्थें । अहिले पदमा नहुँदा पनि घरदैलोमा नै छु । जनतासँग भागेर डराएर लुकेर हिंड्नु पर्ने अवस्था छैन । मैले मेरो पार्टी र मेरो नेतृत्वलाई बद्नाम गराएको छैन । त्यसैले मलाई पार्टीले न्याय गरेको छ र गर्छ भन्ने कुरामा ढुक्क छु ।

# महोत्तरी-४ मा स्वास्थ्य, शिक्षा र विकास नै मतदाताको मुख्य चासो

**महोत्तरी–** प्रतिनिधिसभा निर्वाचन क्षेत्र-४ मा चुनावी चर्चा चुलिएको छ । उम्मेदवारसँगै राजनीतिक दलका कार्यकर्ता गाउँबस्ती पुगेर मत माग्न व्यस्त छन् । दक्षिणी सीमा भारत र पश्चिममा सर्लाही जिल्ला पर्ने यस क्षेत्रका मतदाता विकासका दृष्टिले धेरै पछाडि छ । यहाँका बासिन्दाले स्वास्थ्य सेवाका निम्ति भारत जानुपर्ने बाध्यता छ ।

'कोही बिरामी परेमा भारतीय मुद्रा साट्न दौडनुपर्छ, बिरामी हुँदा सीतामढी पुग्नुपर्ने बाध्यता छ,' सम्सी गाउँपालिका-६ का ३५ वर्षीय इम्तियाज अहमद दुखेसो गर्छन् । जिल्लाको दक्षिण पश्चिममा पर्ने सोनमा गाउँपालिका, सम्सी गाउँपालिका र रामगोपालपुर नगरपालिकाका अधिकांश बस्तीहरूमा स्वास्थ्यचौकी र प्राथमिक स्वास्थ्य केन्द्रले भरपर्दो सेवा नदिँदा बिरामी भारत जान बाध्य हुन्छन् । सम्सी-६ का ४० वर्षीय शेष सौरात भन्छन्, 'मान्छेको स्वास्थ्य उपचारसँग जोडिने विषय चुनावमा पर्याप्त महत्त्व पाएको छैन ।'

क्षेत्रको पूर्वी भेगमा पर्ने रामगोपालपुर, मनराशिशवा र औरहीकाभन्दा सम्सी र सोनमाका बासिन्दाका पीडा बढी सुनिन्छन् । सोनमा-३ का रामकलेवर यादव भन्छन्, 'यहाँ स्तरीय न अस्पताल छन्, न गुणस्तरीय शिक्षाको व्यवस्था छ । बर्खामा मडहा र हर्दी नदीले कटान बढाउँछन्, जागै रात बिताउनुपर्छ ।'

यहाँका किसान अकासे खेतीमा निर्भर छन् । सोनमा-२ का सामाजिक-राजनीतिक कार्यकर्ता मदन साह 'गाउँमा पूर्व-पश्चिम दुवैतिर नदी छन्, तर सिँचाइको व्यवस्था छैन । नदी वरदान हुनुपर्नेमा अभिशाप बनेका छन्,' उनी भन्छन् ।

मतका निम्ति घरदैलो गरिरहेका उम्मेदवारहरू सुविधासम्पन्न अस्पताल, गुणस्तरीय विद्यालय, नदीमा पक्की तटबन्ध र कुलो खन्नेसम्मका आश्वासन दिन थालेका छन् । सोनमा-६ का रामप्रताप यादव भन्छन्, 'हामी यसपालि स्पष्ट योजनाविना विश्वास गर्दैनौं । विकासको दूरदृष्टिसहितका योजना देखाउने उम्मेदवारले मात्र हाम्रो मत पाउने छ ।'

यो क्षेत्रमा १३ राजनीतिक दलका र २३ स्वतन्त्र उम्मेदवार छन् । राजनीतिक दलका चार र तीन स्वतन्त्रसहित सात महिला उम्मेदवार छन् । नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीका उम्मेदवार दलगत प्रतिस्पर्धामा छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, नेकपा संयुक्त, उज्यालो नेपाल पार्टी, राष्ट्रिय जनता पार्टी नेपाल, आम जनता पार्टी र जनता लोकतान्त्रिक पार्टीका उम्मेदवार पनि मैदानमा छन् । *रासस*

प्रतिनिधिसभा सदस्य निर्वाचनः बाँके-१

# मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन प्रमुख चुनावी मुद्दा बन्दै

**राँझा (बाँके)–** आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा बाँके निर्वाचन क्षेत्र नं १ मा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन चुनावी मुद्दा बनेको छ ।

कोहलपुर नगरपालिका, राप्तीसोनारी गाउँपालिका र नरैनापुर गाउँपालिका समेटिएको यस निर्वाचन क्षेत्रमा बाँके राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र राष्ट्रिय वनमा केही वर्षयता बाघ, चितुवालगायत जंगली जनावरको बिगबिगी बढेको छ । दिनहुँजसो जंगली जनावर बस्तीमा पस्ने, हिंस्रक जनावरको आक्रमणबाट मानिसको मृत्यु हुनेलगायत घटना बढिरहेकाले मानव-वन्यजन्तु द्वन्द्व प्रभावकारी रूपमा व्यवस्थापनसम्बन्धी कार्यान्वयन योग्य योजना ल्याउने उम्मेदवारलाई आफूले मतदान गर्ने राप्तीसोनारी गाउँपालिका-९ तल्लो महादेवा निवासी हेम चापागाईंले बताए ।

निकुञ्ज मध्यवर्ती क्षेत्रसहित आसपासका खेती जंगली जनावरले खाएर नोक्सान गर्ने र बाघको आक्रमणबाट पशु तथा मानवले ज्यान गुमाउनुपर्ने अवस्था रहेकाले पार्टी तथा उम्मेदवारले प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ ।

चालु आर्थिक वर्षको पछिल्लो छ महिनामामात्रै राप्तीसोनारी-९ गुरुवागाउँ नमूना टोल निवासी ४० वर्षीय इन्द्रबहादुर खत्री र राप्तीसोनारी गाउँपालिका-१ कुसुमस्थित सौरी निवासी मरिचमान भण्डारीले बाघको आक्रमणबाट ज्यान गएको छ । यसबाहेक गोठमा बाँधेका र चराउन जंगल लगेका चौपायामाथि निरन्तर आक्रमण भइरहेको राप्तीसोनारी गाउँपालिका-१ का वडाध्यक्ष यमबहादुर खड्काले बताए । पछिल्लोपटक निकुञ्ज मध्यवर्ती क्षेत्रमा बाघलगायत जंगली जनावरको आक्रमणबाट अकालमै मान्छेको ज्यान जानाका साथै पशु र खेतीबालीमा ठूलो क्षति व्यहोर्दै आएकाले निकुञ्ज क्षेत्रमा तारवारसहितको वन्यजन्तु व्यवस्थापन जरुरी भएको उनको भनाइ छ ।

पछिल्लो समय मानव र वन्यजन्तुबीचको द्वन्द्व व्यवस्थापन थप चुनौतीपूर्ण बन्दै गएकाले आफूले सरोकार भएका निकायसँग छलफल र समन्वय गरी समाधानको पहल गर्दै आएको बाँके क्षेत्र नं १ मा नेकपा एमालेकातर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार सूर्य ढकालले बताए । यसअघि २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा निर्वाचित ढकालले विगतमा वन्यजन्तुबाट जनतालाई सुरक्षित गर्न निकुञ्ज क्षेत्रमा तारवार गर्ने योजना सुरुआत गरेको उल्लेख गरे ।

'जनताको जीवन महत्त्वपूर्ण विषय हो । मैले यो विषयलाई पटक-पटक संसद्मा उठाएको थिएँ,' ढकालले भने, 'आगामी निर्वाचनमा पनि मेरो प्रमुख एजेण्डा वन्यजन्तु व्यवस्थापन रहेको छ ।'

यहाँ नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार रहेका नारायण गौडेलले पनि वन्यजन्तु व्यवस्थापन आफ्नो प्राथमिक चुनावी मुद्दा भएको बताए । यसको व्यवस्थापनका लागि सरोकार भएका निकायसँग समन्वय गर्दै जनतालाई सुरक्षित तवरले जीवनयापनको वातावरण बनाउन आफूले ध्यान दिने उल्लेख गरे । 'यहाँका जनताले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि बारम्बार गुनासो गरिरहेका छन्, ती विषयमा म र मेरो पार्टीले गम्भीररूपमा लिइरहेको छ,' गौडेलले भने ।

उम्मेदवारी मनोनयनसँगै बाँके क्षेत्र नं १ का उम्मेदवारहरू हाल मतदातासँग भेट्न घरदैलो गरिरहेका छन् । उम्मेदवारहरूले घरदैलोमा पुगेर आफ्ना एजेण्डा सुनाइरहेका छन् भने विगतमा सरकारमा रहेका दलका उम्मेदवारहरूले आफ्नो निर्वाचन क्षेत्रमा भएका विकास निर्माणका काम देखाउँदै भोट माग्ने गरेका छन् ।

बाँके क्षेत्र नं १ मा वि.सं. २०७९ को निर्वाचनमा एमालेका ढकाल विजयी भएका थिए । यसपटक पनि एमालेबाट उम्मेदवार बनेका ढकाल पुनः विजयी हुन मतदाता रिझाउन लागिपरेका छन् । एमाले जिल्लासचिव बलराम भट्टराईले भने, 'ढकाल विजयी भएपछि त्यहाँको वन्यजन्तुलगायतको समस्या राष्ट्रियस्तरमै उठाएर समाधान गर्दै आएकाले जनताले यसपटक पनि विश्वास गर्ने हाम्रो अपेक्षा छ ।'

वि.सं. २०७९ मा २५ हजार २६ मत ल्याएर एमाले उम्मेदवार ढकाल विजयी हुँदा उनका निकटतम् प्रतिस्पर्धी तत्कालीन नेकपा (माओवादी केन्द्र)का नेता महेश्वर गहतराजले १९ हजार ६३२ मत प्राप्त गरेका थिए । समानुपातिकतर्फ पनि एमालेले यहाँ सबैभन्दा बढी १६ हजार ८७६ मत प्राप्त गरेको थियो । प्रत्यक्षमा माओवादी केन्द्रका उम्मेदवार गहतराजलाई सघाएको कांग्रेसले यहाँ समानुपातिकतर्फ एमालेपछि दोस्रो १४ हजार २१८ मत प्राप्त गरेको थियो । नेपाली कांग्रेसले यसपटक जिल्ला सभापति गौडेललाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएको छ । यहाँ नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट नरेन्द्रप्रसाद पाण्डे उम्मेदवार रहेका छन् । तत्कालीन माओवादी केन्द्रबाट अलग भएर जनार्दन शर्माको नेतृत्वमा गठन भएको प्रगतिशील लोकतान्त्रिक पार्टीबाट कृष्णा केसी उम्मेदवार छन् । *रासस*


## Jagannath Rural Municipality

## Office of the Rural Municipal Executive

**Juddi, Bajura**

**Sudurpaschim Province**

## Invitation for Bids

**Invitation for Bids No: JRM/WORKS/IC/NCB/06/2082/083**

**Date of publication: 2082/10/23 (6th Feb., 2026)**

1. ***Jagannath Rural Municipality has allocated funds*** towards the cost of ***Dogade Irrigation Canal Construction Work at Jagannath Rural Municipality Juddi,Bajura*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***JRM/WORKS/IC/NCB/06/2082/083.*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Jagannath Rural Municipality*** invites electronic bids from eligible bidders for the construction of ***Dogade Irrigation Canal Construction Work*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 48150765***
   - Minimum Work experience of similar size and nature: At least one RCC Canal Construction Work with a value of Nrs.25680410.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Jagannath Rural Municipality, Juddi, Bajura, jagganathmun@gmail.com*** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp** .
5. A complete set of Bidding Documents may be Downloaded from the PPMO e-GP System ***www.bolpatra.gov.np/egp.Bidders Should deposit the cost of bidding documents of NRs.5000( Five thousand Rupees Only.)*** in the project rajaswa(revenue) account as specified below and the scanned Copy(pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic Submission of the bid.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: Himalayan Bank Ltd.,Jagannath Branch,Bajura.

   Name of Office : Jagannath Rural Municipality.

   Office Account no. : 12008951850027 (Rajaswa Account)

   Office Account no.: 12008951850086 ( Dharauti Account)

   Rajaswa (revenue) Shirshak no. :14229
6. Pre-bid meeting shall be held at ***Jagannath Rural Municipality*** at ***14:00 hours*** *on* ***2082/11/12 (24th Feb., 2026)***
7. electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00** on ***2082/11/25 ( 9th March, 2026)***. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 on 2081/11/25*** at the office of ***Jagannath Rural Municipality,Juddi,Bajura.*** Bids must be valid for a period of ***90 days*** *after Bid opening* and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **1605000 (Sixteen Lakh Five Thousand Rupees Only)** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | LT. No. 338393 | चलानी नं.६०२५१८७९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | loading and unloading worker/ helper | 30 | 0 | 1000 | ३८,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.** श्रम इजाजत नं. ११८२/०७३/७४

Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



**मितेरी बचत तथा ऋण सहकारी संस्था लि.**

**Miteri Saving & Credit Co-operative Society Ltd.**

महालक्ष्मीस्थान -५ ललितपुर फोन नं. ०१-५४५१५३०, ५४५०६९७

Email: miterisavings@gmail.com

## धितोमा रहेको अचल सम्पत्ति घर/जग्गा लिलाम विक्रिको ३५ दिने सार्वजनिक सूचना

**चौथो पटक प्रकाशित मितिः २०८२।१०।२३**

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यले व्यापारिक कर्जा शिर्षक अन्तर्गत कर्जा प्राप्त गरि यस संस्थासंग भए गरेको लिखित शर्त, सम्झौता बमोजिम तोकिएको समय अबधि भित्रमा तिर्न, बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत नतिरी, नवुझाई भाखा नघाई संस्थासंग भएको ऋण कर्जा सम्बन्धी लिखित शर्त, बन्देज उल्लघंन गर्नु भएकोले ऋणीलाई कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत चुक्ता भुक्तान गर्न आउनु भनि पटक-पटक मौखिक तथा लिखित पत्र मार्फत तरताकेता गर्दा समेत संस्थाको ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भई समय सिमा भित्र कर्जा चुक्ता भुक्तान गर्न आउनु भएन । तसर्थ संस्थाले पहिलो पटक मिति २०७९।११।०१ गते, दोश्रो पटक मिति २०८१।०४।१८ गते र तेश्रो पटक मिति २०८१।०५।२६ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति घर/जग्गा लिलाम विक्रिको ३५ दिने सूचना प्रकाशित गरि कर्जा चुक्ता गर्न समय दिई अनुरोध गर्दा समेत कर्जाको साँवा, व्याज तथा हर्जाना रकम तिर्न बुझाउन नआएको र उक्त धितोमा रहेको घर/जग्गा लिलामको समयमा ऋणी लगायत कसैले सकार गर्न नआएकोले चौथो पटक धितोमा रहेको अचल सम्पत्ति घर/जग्गा लिलाम विक्रिको ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशति भएको मितिले ३५(पैत्तिस) दिन भित्र यस संस्थाको कार्यालय महालक्ष्मीस्थान, ललितपुरमा सम्पर्क राखी संस्थालाई बुझाउनु पर्ने कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना रकम समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा सहकारी ऐन, २०७४ सहकारी नियमावली, २०७५, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति तथा प्रचलित कानून बमोजिम संस्थाको लेना रकम असूल उपर गर्न लिलाम विक्रिमा राखेको तपसिलमा उल्लेखित अचल सम्पत्ति घर/जग्गा बोलकवोलद्धारा लिलाम बढाबढ गरि लिन इच्छुक ऋणी तथा अन्य महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन तोकिएको समयभित्र यस संस्थाको कार्यालय महालक्ष्मीस्थान, ललितपुरमा उपस्थित भई आफुले सकार गरि लिन चाहेको मूल्यमा बोलकवोल गर्नु हुन ऋणी तथा सम्वन्धित सवै पक्षलाई यो सूचना द्धारा सुचित गरिन्छ । साथै, ऋण नतिर्ने ऋणी तथा जमानी दिनेलाई कालोसूचीमा समावेश गर्न पहल गरिने यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणी सदस्यको विवरण | अचल धितोको विवरण |
|---|---|
| १) नाम :- **केशव बहादुर सुव्वा**<br>बुबाको नाम :- नर बहादुर लिम्बु<br>वाजेको नाम :- गम्भिर लिम्बु<br>स्थायी ठेगाना :- ताप्लेजुङ्ग जि.साविक लेलेप गा.वि.स. वडा नं. ६, परिवर्तित फक्ताङलु गा.पा.वडा नं. ६<br>हालको ठेगाना :- ल.पु.जि.ल.पु.म.न.पा.वडा नं. ४<br>नागरिकता नं. :- ९५११।२३४ | केशव बहादुर सुब्बाको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ल.पु.उप.म.न.पा. वडा नं. ४ नक्सा सिट नं.४(छ) कित्ता नं.१२६८ क्षेत्रफल ०-८-२-० घर/जग्गा र सोले चर्चेको लिगलगापात समेत । |

**लिलामका शर्तहरु:**

१. लिलाममा अन्तिम पटक सवैभन्दा बढी वोलकवोल गर्ने व्यक्तिले आफूले कबूल गरेको अकंको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम सोही दिनमा नबुझाएमा निज पछि सवैभन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृति पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नु पर्नेछ । नामसारी गरि नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. तोकिएको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
५. लिलाम डांक बढाबढ गर्दा सवैभन्दा बढी बोल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. लिलाम विक्रि हुने अचल सम्पत्ति घर/जग्गा सम्वन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
७. सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम अनुसार लिलाम विक्रि गर्नुपर्ने अचल सम्पत्ति घर/जग्गा लिलाम विक्रि गर्दा कसैले नसकारेमा संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।
८. लिलाम विक्रि गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वंयले व्यहोर्नु पर्नेछ ।
९. संस्थाको कार्यालय महालक्ष्मीस्थान, ललितपुरमा ३६ औं दिनमा १० बजे देखि ३.०० बजे सम्म लिलाम डांक बढाबढ हुनेछ ।
१० संस्थामा सुरक्षणमा रहेको अचल धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणीको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।
११. लिलाम सकार गर्ने व्यक्तिको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, दै दस्तुर, कर तथा अन्य शुल्क सकार गरि लिनेले व्यहोर्नु पर्नेछ ।

**लिलाम हुने मिति, स्थान र समय:**

**मिति २०८२।११।२९ गते** **समयः १० देखी ३.०० बजे सम्म**

**स्थानः महालक्ष्मीस्थान, ललितपुर स्थित संस्थाको कार्यालय ।**




## 'कुमारी'को बुकिङ खुला

शुक्रवारदेखि देशभर प्रदर्शनमा लाउन लागेको चलचित्र 'कुमारी' को अग्रिम बुकिङ खुला गरिएको छ । फिल्मले देशभर करिब २ सय शो पाएको निर्माण पक्षले जनाएको छ । फिल्म रिलिजमा आउँदै गर्दा यसको गीत 'डोको बुन्ने'ले युट्युबमा १ करोडभन्दा बढी भ्युज प्राप्त गरेको छ । केहर सिं लिम्बुको स्वर, सागर लामिछाने मगर र सुमन तामाङका शब्द रहेको गीतमा सुमन र केहर एन्ड द लुङा ब्यान्डको सङ्गीत छ । 'कुमारी' दिनेश राउतले निर्देशन गरेका हुन् । विनिश इन्टरटेन्मेन्टको ब्यानरमा महेन्द्र अधिकारीले निर्माण गरेको फिल्ममा प्रेम, मानवीय सङ्घर्ष र पारिवारिक अन्तर्द्वन्द्वको कथालाई कलात्मक ढङ्गले चित्रण गरिएको छ ।





# ट्रेलरमा 'शिवांश : च्याप्टर १'

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी फागुन १ गते महाशिवरात्रिको अवसर पारेर देशभरका सिनेमाघरमा प्रदर्शन हुन लागेको चलचित्र 'शिवांश : च्याप्टर १' को ट्रेलर सार्वजनिक भएको छ ।

अञ्जन सिनेमा प्रोडक्शनको ब्यानरमा निर्माण भएको यस चलचित्रको ट्रेलरमा शिवको भेषमा बसेर गरिने आपराधिक क्रियाकलाप समेटिएको छ । जोगीको भेषमा बसेर भित्री रूपमा कतिपय व्यक्ति कसरी अपराधमा सक्रिय हुन्छन् भन्ने ट्रेलरमा देखाएको छ ।

बाहिरबाट हेर्दा सांसारिक मोह त्याग गरेर सादगी जीवन बिताइरहेको त्यागी देखिए पनि ऊ भित्रको क्रुर मानसिकता र व्यवाहार कति डरलाग्दो हुन्छ भन्ने ट्रेलरले प्रष्ट पारेको छ । जोगीको भेषको आवरणमा हत्याजस्तो जघन्य अपराधमा संलग्न व्यक्तिको कथा सिनेमाले भन्ने संकेत ट्रेलरले देखाएको छ ।

पौराणिक हिन्दु मान्यता र आधुनिक युगको रहस्यलाई रोचक ढंगले प्रस्तुत गरेको सार्वजनिक ट्रेलरले पौराणिक 'समुद्र मन्थन' को प्रसंग र त्यस क्रममा उत्पत्ति भएको विषको कथालाई उठान गरिएको छ ।

ट्रेलरको सबैभन्दा बलियो पक्ष अभिनेता प्रविण खतिवडाको लुक्स र अभिनय हो । सुरुवाती दृश्यमै अभिनेता प्रविण खतिवडालाई एउटा यस्तो साधुको रूपमा देखाइएको छ जो कुनै दिव्य शक्ति वा 'सिद्धि' प्राप्तिको लागि मरिहत्ते गरिरहेको छ । उनको शरीरमा खरानी, हातमा त्रिशूल र उनको आँखामा देखिएको उन्मादले चलचित्रमा एक शक्तिशाली 'एन्टी-हिरो' वा रहस्यमयी पात्रको संकेत गर्छ ।

चलचित्रको मूल कथा एक रहस्यमयी दिव्य शिला (ढुंगा) र त्यसले कलयुगमा निम्त्याउन सक्ने शक्ति वा विनाशको वरिपरि घुमेको संकेत ट्रेलरले दिएको छ । आध्यात्मिक शक्ति प्राप्त गर्ने होडबाजी र त्यसले उत्पन्न गर्ने द्वन्द्व नै चलचित्रको मुख्य आकर्षण रहेको देखिन्छ ।

ट्रेलरमा भनिएको "यो पुस्तकले विध्वंश निम्त्याउन सक्छ" संवादले यसको वरिपरि ठूलो खतरा रहेको दर्शाउँछ ।

ट्रेलरमा एकातिर गुफा, मन्त्रोच्चारण र तान्त्रिक विधिहरू देखिन्छन् भने अर्कोतिर ल्यापटप, आधुनिक हतियार र प्रहरीको अनुसन्धान पनि देखिन्छ । यसले चलचित्र केवल एउटा धार्मिक कथा मात्र नभएर आधुनिक युगमा पौराणिक शक्ति भेटिँदा उत्पन्न हुने द्वन्द्वमा आधारित रहेको बुझिन्छ । यस्तै, ट्रेलरले अन्य कलाकारहरू तेज गिरी, विकास जोशी र रुशा न्यौपानेको भूमिकाले पनि कथालाई थप रहस्यमयी बनाएको छ ।

निर्देशक सन्तोष कुमार आत्रेयले चलचित्रलाई भव्य र फरक शैलीमा निर्देशन गरेको झलक ट्रेलरमा प्रष्ट देखिन्छ । चलचित्रको छायांकन, पृष्ठभूमि संगीत र भीएफएक्समा पनि विशेष ध्यान दिइएको छ, जसले चलचित्रलाई स्तरीय बनाउने प्रयास गरेको छ ।

चलचित्रको अर्को विशेष पक्ष भनेको भारतीय प्रख्यात गायक कैलाश खेरको स्वर र संगीत हो । ट्रेलरमा प्रयोग गरिएको शक्तिशाली पृष्ठभूमि संगीत र मन्त्रोच्चारणले दर्शकलाई आध्यात्मिक भावमा डुबाउँछ ।

प्रवीण खतिवडा, तेज गिरी, विमला लिम्बू र रुषा न्यौपानेको मुख्य भूमिका रहेको चलचित्रमा विकास जोशी, प्रदीप कुमार चौधरी, सबिर चुरौटे, उदय कुमार सुब्बा, टीका निरौलालगायत कलाकारको अभिनय छ ।

चलचित्रको कथा अञ्जान केसीले लेखेका हुन् । स्क्रिनप्ले बारत लिम्बूको छ ।

अञ्जान केसी निर्माता चलचित्रको सह-निर्मातामा शोभा भण्डारी र अनिस केसी बोगटी रहेका छन् । चलचित्रका कार्यकारी निर्माता सम्भू थापा हुन् ।

चलचित्रमा विप्लव प्रतीक र राजनराज शिवाकोटीको गीतरचना रहनेछ । न्व्यू बज्राचार्य र राजनराज शिवाकोटीको संगीत रहेको यस सिनेमाका गीतमा राजनराज शिवाकोटी, मिलन नेवार र समीक्षा अधिकारीको स्वर छ ।

सरद महतोको डीओपी रहेको चलचित्रमा बनिश शाहको सम्पादन, मिलन श्रेष्ठको द्वन्द्व निर्देशन रहेको छ भने विक्रम चोहानको कोरियोग्राफी छ । मिलन मानन्धर प्रोडक्सन म्यानेजरका रूपमा रहेको चलचित्रमा आर्ट डिरेक्टर र प्रोडक्सन डिजाइनरमा प्रतीक चौधरी छन् ।

बारत लिम्बू मुख्य सहायक निर्देशक रहेको सिनेमामा स्क्रिप्ट डक्टरको काम सुलक्षण भारतीले गरेका छन् ।

नेपाली चलचित्र क्षेत्रमा पौराणिक विषयवस्तुमा आधारित 'स्पिरिचुअल एक्शन ड्रामा' थोरै मात्र बन्ने गरेका छन् । यस्तोमा 'शिवांश : च्याप्टर १'ले दर्शकलाई नयाँपन दिने अपेक्षा गरिएको छ । महाशिवरात्रिको अवसरमा प्रदर्शन हुने भएकाले पनि शिवभक्त र चलचित्र प्रेमीहरूका लागि यो एक विशेष उपहार सावित हुन सक्छ ।

## रंगशाला

# दोस्रो अभ्यास खेलमा नेपाल विजयी

■ प्रभाव संवाददाता




**काठमाडौं –** आइसिसी टी-ट्वान्टी पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको तयारीमा रहेको नेपालले बुधबार दोस्रो अभ्यास खेलमा पनि विजयी भएको छ । दोस्रो अभ्यास खेलमा नेपलले क्यानडालाई ६ विकेटले पराजित गरेको हो ।

भारतको चेन्नाइमा भएको अभ्यास खेलमा क्यानडाले नेपाललाई जितका लागि एक सय ६२ रनको लक्ष्य दिएको थियो । नेपालले उक्त लक्ष्य

१८औं ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालका लागि प्रारम्भिक ब्याटर आशिफ शेखले अर्द्धशतकीय पारी खेले । उनले २९ बलमा ६ चौका र तीन छक्काको मद्दतमा ५८ रनको योगदान दिए । त्यसैगरी सन्दिप जोराले ४४, गुल्शन झाले ३१, कुशल भुर्तेलले १२ तथा दीपेन्द्रसिंह ऐरीले ९ रन बनाए । बलिङतर्फ क्यानडाका जसकरण सिहं र अजयवीर हुँडालले एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको क्यानडाले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ६१ रनको योगफल बनाएको थियो ।

क्यानडाका लागि ओपनर नवनीत धलिवालले सर्वाधिक ४१ रनको योगदान दिए । उनले ३६ बलमा एक चौका र तीन छक्का हाने । त्यस्तै श्रेयस मोभाले १९ बलमा दुई चौका र तीन छक्कासहित ३८, कनवारपुल ताथगुरले २५ तथा जसकरण सिंहले २१ रन बनाए । बलिङतर्फ नेपालका लागि सन्दीप लामिछाने र कुशल भुर्तेलले दुई/दुई तथा सोमपाल कामी र नन्दन यादवले एक/एक विकेट लिए । यसअघि पहिलो अभ्यास खेलमा पनि नेपालले युएईलाई सात विकेटले पराजित गरेको थियो ।

## काभा महिला भलिबल

# नेपाल पुलिस क्लब विजयी




**काठमाडौं (प्रस)–** काभा महिला भलिबलमा नेपाल पुलिस क्लबले विजयी सुरुवात गरेको छ ।

बिहीबार माल्दिभ्सको मालेमा भएको खेलमा उज्वेकिस्तानको हुमो भलिबल क्लबलाई ३-१ को सेटमा पराजित गर्दै पुलिस क्लबले विजयी सुरुवात गरेको हो ।

पहिलो सेट ३०-२८ ले जितेको पुलिस क्लबले दोस्रो सेट भने २१-२५ ले हुमो क्लबलाई सुम्पिएको थियो । तर, त्यसपछि तेस्रो सेट २५-२१ र चौथो सेट २५-२३ ले जित्दै पुलिस क्लबले जित हात पारेको हो ।

जितसँगै पुलिस क्लबले पहिलो खेलबाट ३ अंक जोड्यो । हुमोले भने लगातार दोस्रो हार ब्यहोरेको छ ।

## प्रधानमन्त्री कप क्रिकेट

# बैतडी लगातार विजयी

**बैतडी (प्रस)–** सचिन भट्टको उत्कृष्ट बलिङको मद्दतमा बैतडी प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेश छनोटमा लगातार विजयी भएको छ । फाप्ला क्रिकेट मैदानमा भएको खेलमा बैतडीले बझाङलाई ८ विकेटले पराजित गरेको हो । यसअघि पहिलो खेलमा बैतडीले दार्चुलालाई १२८ रनले हराएको थियो ।

बैतडीले पाएको ६१ रनको झिनो लक्ष्य ८ दशमलव ३ ओभरमा दुई विकेटको क्षतिमा पूरा गऱ्यो । बैतडीका लागि नरेन भट्टले अविजित ३१ र गजेन्द्र बोहराले अविजित १६ रन बनाए । बलिङतर्फ बझाङका सुशील रावलले एक विकेट लिए ।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको बझाङको पारी १२ दशमलव दुई ओभरमा ६० रनमा समेटियो । बझाङका लागि अभिनाश सिंहले १९ र निराजन रावलले १६ रन बनाए । बलिङतर्फ बैतडीका सचिन भट्ट एक्लैले ६ विकेट लिए । उनले चार ओभर बलिङ गर्दै ७ रन मात्रै खर्चिए । सचिन प्लेयर अफ दी म्याच समेत घोषित भए । यस्तै लोकेन्द्र चन्दले ३ विकेट लिए ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगितामा प्रदेशका ८ जिल्ला सहभागी छन् । प्रदेश छनोटपछि राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सुदूरपश्चिमको टोली चयन गरिनेछ ।


## कुवेत/कतारमा रोजगार

कम्पनी : PLAY ENTERPRISES GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 318682 चलानी नं. ६०२३२९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 80 | 44 | 90 | ४२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DIVA LOUNGE SPA

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ LT. No. 338337 चलानी नं. ६०२५१८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians (Ladies) | 0 | 3 | 1700 | ६७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13th Feb. 2026) मा हुनेछ ।
कास्की, पोखरा, लेखनाथ मार्ग, गण्डकी ट्रेनिङ सेन्टर, पृथ्वी चोकमा मिति: २०८२ फागुन २ गते (14th Feb. 2026) मा हुनेछ ।
सुनसरी, इटहरी, सुनसरी ट्रेनिङ सेन्टरमा मिति: २०८२ फागुन ३ गते (15th Feb. 2026) मा हुनेछ ।
झापा, बिर्तामोड, सी.पी. होटलमा मिति: २०८२ फागुन ४ गते (16th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

## युएइमा रोजगार

कम्पनी : AL DAR AL QADIM BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०३/२३ पून: विज्ञापन स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 326566 चलानी नं. ६०२४०८५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 13 | 0 | 1000 | ३९,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Famale) | 0 | 10 | 1000 | ३९,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 083/053/054
MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : ARABI ENERTECH COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 305237 चलानी नं. ६०२२०२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Labour | 50 | 0 | 100 | ४७,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Rigger | 100 | 0 | 130 | ६१,२९५ | | | | | | | |
| 3 | Rigging Supervisor | 30 | 0 | 295 | १३९,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE Govt. License 147/056/057
ROSE OVERSEAS PVT. LTD.
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

## मलेसियामा रोजगार

कम्पनी : LIFEGUARD SECURITY SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 333508 चलानी नं. ६०२४७२०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 73 | 0 | 1700 | ६२,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9818104188, Email:- bijay.skypowernepal@gmail.com
श्रम ईजाजत नं. १२७५/०७४/७५

## ओमन/मलेसियामा रोजगार

कम्पनी : Al Masa Manpower

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 338329 चलानी नं. ६०२५१८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 30 | 0 | 130 | ४८,८२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Cf Security Services Sdn.bhd.

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 338360 चलानी नं. ६०२५१८७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1700 | ६२,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

## कतारमा रोजगार

कम्पनी : DHAKA POINT FOR CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 338346 चलानी नं. ६०२५१८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Hospital | 3 | 0 | 1200 | ४७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dishwashing And Cleaning | 2 | 0 | 1000 | ३९,७९५ | | | | | | | |
| 3. | Dry Clean Worker | 8 | 0 | 1200 | ४७,७५० | | | | | | | |
| 4. | Elevator Operator | 1 | 0 | 3500 | १३९,२७५ | | | | | | | |
| 5. | Gen.clean Worker | 2 | 0 | 1000 | ३९,७९५ | | | | | | | |
| 6. | Labour | 2 | 0 | 1000 | ३९,७९५ | | | | | | | |
| 7. | Receptionist | 1 | 0 | 1500 | ५९,६९० | | | | | | | |
| 8. | Wash Machine Tech | 2 | 0 | 1800 | ७१,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

## कतारमा रोजगार

कम्पनी : ARAB XPRESS HOSPITALITY & SERVIES WLL.

पूर्व स्वीकृति मिति : २०८२/१०/२२ LT. No. 338342 चलानी नं. ६०२५१८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Carpenter | 2 | 0 | 1100 | ४३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner & Office Boy | 1 | 0 | 1000 | ३९,७३५ | | | | | | | |
| 3. | Cleaner Staff | 8 | 0 | 1000 | ३९,७३५ | | | | | | | |
| 4. | Cleaner-catering | 1 | 0 | 1000 | ३९,७३५ | | | | | | | |
| 5. | Cleaners (Male) | 1 | 0 | 1000 | ३९,७३५ | | | | | | | |
| 6. | Laborer Laundry & Ironer | 1 | 0 | 1000 | ३९,७३५ | | | | | | | |
| 7. | Labour Cleanlines | 6 | 0 | 1000 | ३९,७३५ | | | | | | | |
| 8. | Labour Officer | 1 | 0 | 1000 | ३९,७३५ | | | | | | | |
| 9. | Labour-plumber | 1 | 0 | 1000 | ३९,७३५ | | | | | | | |
| 10. | Waiter | 0 | 1 | 1400 | ५५,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १ गते (13 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LEADERS
श्रम ईजाजत नं.१६१५/०७९/०८०
Leaders International Recruitment Agency Pvt. Ltd
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, 9808000088, Email: leadersnepal1615@gmail.com



दक्षिण पश्चिम चीनको गुइझोउ प्रान्तको ताइजियाङ काउन्टीको ताइपान गाउँमा 'गाउँ उत्सव'को समयमा परम्परागत पोसाक प्रदर्शन गर्दै गाउँलेहरू । *तस्बिर: सिन्हा*

# बंगलादेशमा हिन्दू अल्पसंख्यकमाथि बढ्दो डर

**ढाका–** २७ वर्षीय हिन्दू गार्मेन्ट कामदार दीपुचन्द्र दासलाई डिसेम्बरमा उनका केही मुस्लिम सहकर्मीहरूले पैगम्बर मुहम्मदको बारेमा अपमानजनक टिप्पणी गरेको आरोप लगाएका थिए । यसले उनको कार्यस्थलमा हिंसात्मक भीड आकर्षित गर्‍यो । उनलाई पिटेर मारिएको थियो, शरीर रूखमा झुण्ड्याइयो र आगो लगाइयो ।

बंगलादेशभरका हिन्दूहरूले आफ्नो फोनमा रेकर्ड गरिएका तस्बिरहरू डरका साथ हेरे । न्याय र सुरक्षा माग गर्दै प्रदर्शनकारीहरूले ढाका र अन्य सहरहरूमा विरोध प्रदर्शन गरे । मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकारले अनुसन्धानको आदेश दियो र प्रहरीले करिब एक दर्जन व्यक्तिलाई पक्राउ गर्‍यो ।

तर मानवअधिकार समूह र हिन्दू नेताहरूका अनुसार हत्या एउटा पृथक घटना होइन, तर बढ्दो ध्रुवीकरण, इस्लामवादीहरूको पुनरुत्थान र दण्डहीनताको संस्कृतिसँग जोडिएको अल्पसंख्यक समुदायमाथि व्यापक आक्रमणको भाग हो । फेब्रुअरी १२ मा हुने राष्ट्रिय निर्वाचन नजिकिँदै गर्दा हिन्दूहरूमा डर अझ व्यापक छ ।

ढाकास्थित हिन्दू मानवअधिकार कार्यकर्ता रञ्जन कर्माकरले भने, 'अब कोही सुरक्षित महसुस गर्दैनन् । सबै डराएका छन् ।'

बंगलादेशमा मुलुकको कूल जनसंख्या १७ करोडमा हिन्दूहरू करिब एक करोड ३१ लाख अर्थात् आठ प्रतिशतमात्र छन् । मुस्लिमहरूको जनसंख्या ९१ प्रतिशत छ । बंगलादेश हिन्दू बौद्ध क्रिश्चियन युनिटी काउन्सिलले सन् २०२४ को विद्रोहदेखि २००० भन्दा बढी साम्प्रदायिक हिंसाका घटनाहरू दर्ता गरेको छ, जसमा ६१ हत्या, महिलामाथि हिंसा, पूजास्थलमा आक्रमण र तोडफोड समावेश छन् ।

मानवअधिकार कार्यकर्ता कर्माकरका अनुसार हिन्दूहरू प्रायः एक पक्षको मतदानका रूपमा हेरिन्छन्, जसले उनीहरूको असुरक्षा बढाउँछ । 'हिंसामा संलग्न व्यक्तिहरूलाई कानुनअन्तर्गत ल्याइएको छैन, न्याय प्रणालीमा जवाफदेही बनाइएको छैन । यसले हिंसा जारी रहने धारणा सिर्जना गर्छ,' उनले भने ।

सबैभन्दा ठूलो इस्लामवादी पार्टी जमात-ए-इस्लामी र विद्यार्थी शाखाको पुनरुत्थानसँगै हिन्दूमाथिको आक्रमण बढेको छ । पार्टीले निर्वाचनमा प्रभाव पुनः प्राप्त गर्ने अवसरका रूपमा यसलाई हेर्छ । यसले सार्वजनिक र्‍यालीहरू आयोजना गर्‍यो र हिन्दू समुदायका नेतालाई उम्मेदवार मनोनयन गर्‍यो ।

राजनीतिक विश्लेषक अल्ताफ परवेजका अनुसार यस्ता कदम धेरै हदसम्म प्रतीकात्मक छन् र अल्पसंख्यक मतदातामा असर पार्ने उद्देश्य राख्छन् । ग्रामीण क्षेत्रमा व्यवस्थित आक्रमणले आगामी निर्वाचनमा अल्पसंख्यक सहभागिता घटाउने खतरा पैदा गरेको छ । हिन्दूहरूमाथिको आक्रमणले छिमेकी भारतसँग पनि तनाव बढाएको छ । भारतको विदेश मन्त्रालयले बंगलादेशमाथि हिन्दूहरूमाथि हुने बारम्बार आक्रमणलाई कम महत्त्व दिएको आरोप लगाएको छ । यसले कूटनीति र खेलकुद कार्यक्रमहरूमा असर पुर्‍याएको छ ।

दीपुचन्द्र दासको हत्याले उनको परिवारमा गहिरो पीडा पुर्‍याएको छ । उनका बुबाले भने, 'फोनमा तस्बिर हेरेर मेरो छाती फुटेको जस्तो लाग्यो ।' उनकी आमा शेफाली रानी दासले भने, 'मेरो छोरालाई कुटपिट गरी, झुण्ड्याएर जलाइयो । म न्याय खोज्छु ।' *रासस/एपी*

# आइएसएसको अन्त्य, सहकार्यको युग



**पेरिस–** अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) सन् २०३० मा पृथ्वीमा फर्किंदा यसले करिब तीन दशक लामो शान्तिपूर्ण अन्तर्राष्ट्रिय सहकार्यको अन्त्यलाई संकेत गर्ने छ । साथै, अन्तरिक्ष मानव जीवन र विश्वव्यापी सहकार्यको केन्द्र बनेको एउटा महत्त्वपूर्ण युगको समाप्ति पनि यसले जनाउने छ ।

नोभेम्बर २००० यता फुटबल मैदानको आकारबराबरको वैज्ञानिक प्रयोगशालामा सधैं मानिसहरूको उपस्थिति रहँदै आएको छ । पृथ्वी वरिपरि करिब आठ किलोमिटर प्रतिसेकेण्डको गतिमा परिक्रमा गर्ने आइएसएसले वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र मानवीय सहकार्यलाई निरन्तर अघि बढाउँदै आएको छ ।

अन्तरिक्षयात्रीहरूको नयाँ टोली आगामी हप्तामै स्टेसनतर्फ प्रस्थान गर्न तयारी अवस्थामा रहँदा, जमिनबाट आइएसएसलाई सहयोग गर्ने धेरै व्यक्ति यसको आसन्न अन्त्यप्रति भावुक देखिएका छन् । नासाको विज्ञान तथा मिसन सिस्टम अफिसका पूर्वप्रबन्धक जोन होर्याकले आइएसएस सीमा, भाषा र संस्कृतिभन्दा माथि उठेर मानवीय सहयोग र सहकार्यको केन्द्र बनेको बताए ।

उनले २५ वर्षभन्दा बढी समयदेखि अन्तरिक्षमा २४ घण्टा, वर्षभरि मानिसको उपस्थिति रहनु मानव इतिहासकै असाधारण उपलब्धि भएको उल्लेख गरे । उनका अनुसार, आइएसएसले समस्या समाधानमा टकरावभन्दा सहकार्य रोज्ने मानव क्षमताको स्पष्ट प्रमाण प्रस्तुत गरेको छ ।

शीतयुद्धपछि अन्तरिक्ष दौडका पुराना प्रतिद्वन्द्वी रुस र संयुक्त राज्य अमेरिकाबीचको सहकार्यको नयाँ भावना झल्काउँदै आइएसएसको प्रस्ताव अघि बढाइएको थियो । युक्रेनमा मस्कोको युद्धका कारण रुस र पश्चिमबीच धेरै सम्बन्ध चिसिँदै गए पनि अन्तरिक्ष स्टेसनमा सहकार्य भने निरन्तर जारी रहनु उल्लेखनीय मानिएको छ ।

फ्रान्सको अन्तरिक्ष एजेन्सी सिएनइएसका लियोनेल सुचेतले मानव अन्तरिक्ष उडानको इतिहास पहिलो र सबैभन्दा महत्त्वपूर्ण अन्तरिक्ष दौड भएको बताए । उनले आइएसएसको विकासलाई अन्तरिक्ष अन्वेषणको दृष्टिले अत्यन्तै रोचक चरणका रूपमा वर्णन गरे । सुचेतले सन् २००१ मा मिर स्पेस स्टेसनको डि-अर्बिटिङ देखेपछि आइएसएसका प्रारम्भिक परियोजनाहरूको समन्वय गरेको अनुभव पनि स्मरण गरे ।

यद्यपि, समयसँगै आइएसएस पुरानो बन्दै गएको छ र यसका धेरै उपकरणहरू पनि म्याद सकिने चरणमा पुगेका छन् । नासाले गत वर्ष एलन मस्कको स्पेसएक्सलाई सन् २०३० मा आइएसएसलाई पृथ्वीको वायुमण्डलतर्फ सुरक्षितरूपमा फिर्ता ल्याउन सक्ने विशेष वाहन निर्माणको जिम्मा दिएको घोषणा गरेको थियो ।

होर्याकका अनुसार, शक्तिशाली रकेट इञ्जिन प्रयोग गरेर आइएसएसको गति कम गरिने छ र यसलाई जमिन, मानिस वा अन्य कुनै सम्भावित जोखिमबाट टाढा राख्दै प्रशान्त महासागरको दुर्गम क्षेत्रमा पुनःप्रवेश गराइने छ । यसअघि मिरसहित धेरै अन्तरिक्ष यान र टेलिस्कोपहरू पोइन्ट नेमो भनिने यही समुद्री क्षेत्रमा खसालिएका थिए ।

सन् २०३० पछि पृथ्वीको तल्लो कक्षामा चीनको तियांगोङ अन्तरिक्ष स्टेसनमात्र रहने छ । भविष्यलाई लक्षित गर्दै अमेरिकाले निजी कम्पनीद्वारा निर्माण र सञ्चालन गरिने अन्तरिक्ष स्टेसनतर्फ बढी ध्यान केन्द्रित गरिरहेको छ ।

होर्याकले रकेट र उपग्रहमा जस्तै अन्तरिक्ष स्टेसनहरू पनि व्यावसायिक आयामतर्फ अघि बढिरहेको बताए । यस अवस्थामा राष्ट्रिय अन्तरिक्ष एजेन्सीहरूले निजी कम्पनीलाई शुल्क तिरेर आफ्ना अन्तरिक्षयात्री पठाउनुपर्ने अवस्था आउने छ । जेफ बेजोसको ब्लु ओरिजिन र एक्सिओम स्पेसलगायत कम्पनीहरूले पहिलो व्यावसायिक अन्तरिक्ष स्टेसन निर्माणका योजना अघि बढाइरहेका छन् ।

सुचेतका अनुसार यस्ता परियोजनाहरूको व्यापार मोडेल अझै पनि धेरै हदसम्म संस्थागत नै रहने छ, किनकि देशहरू पृथ्वीको तल्लो कक्षामा अन्तरिक्षयात्री पठाउन सधैं इच्छुक रहने छन् । उनका अनुसार वैज्ञानिक अनुसन्धान र अन्वेषण सम्पूर्ण मानवताको साझा उद्देश्य बनेको छ ।

मानव चन्द्रमामा पुगेपछि अन्तरिक्षमा राष्ट्रहरूको व्यवहार नियमन गर्ने सन्धिहरू यथावत् रहने कि नहुने भन्ने प्रश्न खुला नै रहेको छ । अमेरिका र चीन दुवैले चन्द्रमामा आधार निर्माण गर्ने योजना अघि सारेका छन् ।

होर्याकका लागि आइएसएसको अन्त्य भावनात्मकरूपमा निकै दुःखद क्षण हो । उनले आफ्ना छोराछोरीले आँगनमै उभिएर आइएसएसको उडान हेर्दै हुर्किएको अनुभव सम्झिए । तर उनका अनुसार, एउटा युगको अन्त्यले अर्को युगको सुरुआत पनि जनाउँछ । मानवले अन्तरिक्षयात्रा क्षमता, अन्तरिक्ष अन्वेषण र अन्तरिक्षको उपयोगमार्फत सामाजिक, आर्थिक, शैक्षिक तथा जीवनस्तर सुधारतर्फ अझ अघि बढ्नुपर्ने उनको धारणा छ ।

युरोपेली अन्तरिक्ष एजेन्सीका पूर्वप्रमुख जीन-ज्याक डोर्डेनको भनाइ उद्धृत गर्दै उनले भने, 'छिटो जान चाहनुहुन्छ भने एक्लै जानुहोस् । धेरै टाढासम्म जान चाहनुहुन्छ भने सँगै जानुहोस् ।' *रासस/एएफपी*

# अमेरिकी टेकबाट टाढिँदै इयू




**ब्रसेल्स–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा फर्किनुअघिसम्म युरोपेली संघ (इयू)ले विदेशी शक्तिमाथिको आर्थिक निर्भरता घटाउने कुरा गर्दा त्यसको मुख्य अर्थ चीन नै मानिन्थ्यो । तर ट्रम्पको पुनरागमनसँगै ब्रसेल्सको ध्यान अब अमेरिकी प्रविधितर्फ केन्द्रित हुन थालेको छ ।

व्यापारमा दबाब सिर्जना गर्नेदेखि ग्रिनल्याण्ड कब्जाको धम्कीसम्म ट्रम्पका अभिव्यक्तिहरू तीव्र बन्दै गएपछि, चाहेको खण्डमा उनले युरोपलाई डिजिटलरूपमा ठप्प पार्न सक्ने चिन्ता बढेको छ । ग्रिनल्याण्ड विषयमा ट्रम्प पछि हटेपछि इयूका उच्च अधिकारीहरूले भू-राजनीतिक झड्काप्रति संघ अत्यन्तै असुरक्षित रहेको चेतावनी दिँदै रक्षा, ऊर्जा र प्रविधिमा रणनीतिक आत्मनिर्भरताको आवश्यकता औंल्याउन थालेका छन् ।

सन् २०२३ को इयू प्रतिवेदनअनुसार २७ देशको यो संघ डिजिटल उत्पादन, सेवा, पूर्वाधार र बौद्धिक सम्पत्तिको ८० प्रतिशतभन्दा बढीका लागि विदेशी देशहरूमा निर्भर छ । यही निर्भरता घटाउने प्रयासस्वरूप युरोपले अमेरिकी प्रविधिमाथिको निर्भरता क्रमशः कम गर्न थालेको देखिन्छ ।

यसको पछिल्लो उदाहरण गत साता देखियो । फ्रान्सले सरकारी कर्मचारीलाई चाँडै जुम वा माइक्रोसफ्ट टिम्सजस्ता उपकरणको सट्टा स्वदेशी विकल्प प्रयोग गर्न निर्देशन दिने तयारी गरेको बतायो । ब्रसेल्सका लागि वास्तविक चेतावनी भने गत वर्ष आएको थियो । वासिङ्टनले अन्तर्राष्ट्रिय फौजदारी अदालतका न्यायाधीशहरूमाथि प्रतिबन्ध लगायो । यसका कारण उनीहरू अमेजन र गुगलजस्ता अमेरिकी प्रविधिबाट वञ्चित भए ।

यस घटनाले युरोपेली जीवनशैलीलाई आधार दिने धेरै उपकरणमाथि अमेरिकाको कति बलियो नियन्त्रण छ भन्ने स्पष्ट पारेको छ । इयूकी प्रविधि आयुक्त हेन्ना भिर्कुनेनले विगत एक वर्षमा अत्यन्त महत्त्वपूर्ण प्रविधिमा कुनै एक देश वा कम्पनीमाथि निर्भर नहुने आवश्यकता सबैले गम्भीररूपमा महसुस गरेको बताइन् । उनले यस्ता निर्भरताहरू हतियारका रूपमा प्रयोग हुन सक्ने चेतावनी पनि दिइन् ।

भिर्कुनेनले आगामी मार्चमा क्लाउड, कृत्रिम बौद्धिकता (एआई) र चिप्स समेटिएको 'टेक सार्वभौमिकता' सम्बन्धी ठूलो प्याकेज सार्वजनिक गर्ने तयारी गरेका छन् । यिनै क्षेत्रमा इयूले बढी स्वायत्तता निर्माण गर्न चाहेको छ । युरोपेली डिजिटल एसएमई एलायन्सका महासचिव सेबास्टियानो टोफालेट्टीले डिजिटल प्रविधि अब तटस्थ उपकरणमात्र नरहेको बताए । उनका अनुसार क्लाउड, एआई वा प्लेटफर्मजस्ता आधारभूत पूर्वाधार युरोपबाहिरबाट नियन्त्रण हुँदा नियम, डेटा र अन्ततः दबाब पनि बाहिरकै हातमा पुग्छ ।

सदस्य राष्ट्रहरूमध्ये फ्रान्स र जर्मनी यस अभियानमा अग्रणी देखिएका छन् । जर्मनीको उत्तरी राज्य श्लेसविग-होल्स्टाइनले गत वर्ष माइक्रोसफ्ट त्यागेर खुला स्रोत सफ्टवेयर अपनाउँदै डिजिटल सार्वभौमिकताको उदाहरण प्रस्तुत गरेको थियो । राज्यका डिजिटलकरण मन्त्री डिर्क श्रोएड्टरले सुरुआतमा यो कदम आर्थिक कारणले चालिएको भए पनि राजनीतिक तनावले यसको महत्त्व झन् बढाएको बताए ।

छ महिनाभित्र राज्यले ४० हजारभन्दा बढी मेलबक्स माइक्रोसफ्ट एक्सचेञ्ज र आउटलुकबाट ओपन-एक्सचेञ्ज र थण्डरबर्डमा सार्‍यो । केही चुनौती आए पनि यसले डिजिटल स्वतन्त्रता सम्भव छ भन्ने सन्देश दिएको उनको भनाइ छ । यस्तै, युरोपेली संसद्ले पनि माइक्रोसफ्टलगायत उपकरणमाथिको निर्भरता पुनरावलोकन गरिरहेको छ ।

इयूस्तरमा पनि पहलहरू अघि बढिरहेका छन् । फ्रान्सेली कम्पनी मिस्त्राल र जर्मनीको एसएपीले युरोपेली एआई-आधारित क्लाउड समाधानमा सहकार्य गर्ने सहमति जनाएका छन् । फ्रान्स, जर्मनी, इटाली र नेदरल्याण्ड्सले साझा युरोपेली डिजिटल पूर्वाधार निर्माणका लागि आयोगको नेतृत्वमा संयुक्त प्रयास थालेका छन् ।

आज इयूका धेरै नीतिहरू सार्वभौमिकताको दृष्टिकोणबाट हेरिन थालेका छन् । डिजिटल युरो विकासको काम अघि बढिरहेको छ, जसलाई थोमस पिकेट्टीसहित दर्जनौं अर्थशास्त्रीले युरोपेली सार्वभौमिकताको आवश्यक सुरक्षा भनेका छन् । यसअघि सन् २०२४ मा मास्टरकार्ड, भिसा र पेपलको विकल्पका रूपमा 'वेरो' नामक युरोपेली भुक्तानी प्रणाली सुरु भइसकेको छ ।

तर ब्रसेल्सस्थित थिंकट्यांक सेर्रेका जाक मेयर्सले प्रविधि सार्वभौमिकताको लक्ष्य स्पष्ट हुनुपर्ने चेतावनी दिएका छन् । यदि उद्देश्य राजनीतिक दबाब झेल्ने हो भने अमेरिकाविरुद्ध बढी 'दबाब सिर्जना गर्ने क्षमता' विकासमा ध्यान दिनु उपयुक्त हुने उनको तर्क छ । उनका अनुसार अमेरिकी प्रविधि प्रयोग घटाउनुभन्दा चिप निर्माण मेसिनरी, कर्पोरेट सफ्टवेयर र दूरसञ्चार उपकरणजस्ता क्षेत्रमा युरोपमाथि अमेरिकाको निर्भरता बलियो बनाउनु प्रभावकारी रणनीति हुन सक्छ । *रासस/एएफपी*

# अन्तर्राष्ट्रिय आणविक सन्धि समाप्त, नयाँ हतियार दौडको जोखिम



**मस्को–** रुस र संयुक्त राज्य अमेरिकाबीचको अन्तिम बाँकी रहेको आणविक हतियार नियन्त्रण सन्धि 'न्यु स्टार्ट' बिहीबार समाप्त भएको छ । यो सन्धि समाप्तिले आधा शताब्दीभन्दा बढी समयपछि दुई ठूला आणविक शक्तिमा कुनै हतियार सीमा नहुने स्थिति सिर्जना गरेको छ ।

सन्धि समाप्त भएपछि विशेषज्ञहरूले नयाँ अनियन्त्रित आणविक हतियार दौडको खतरा बढ्ने चेतावनी दिएका छन् । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत वर्ष सन्धि सीमामा एक वर्षका लागि अडिग रहन प्रस्ताव गरेका थिए, तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विस्तारमा प्रतिवद्धता जनाएनन् । ट्रम्पले सम्भावित नयाँ सम्झौतामा चीनलाई समावेश गर्नुपर्ने संकेत दिएका छन्, तर बेइजिङले यसलाई अस्वीकार गरेको छ ।

पुटिनले बुधबार चिनियाँ राष्ट्रपति सी चिनफिङसँग सन्धि म्याद समाप्त भएको विषयमा छलफल गरेका छन्, तर क्रेमलिनका सल्लाहकार युरी उसाकोभका अनुसार वासिङ्टनले प्रस्तावमा प्रतिक्रिया दिएको छैन । रुसले सुरक्षा अवस्थाको गहन विश्लेषणपछि सन्तुलित र जिम्मेवार ढंगले कदम चाल्ने बताएको छ । विदेश मन्त्रालयको विज्ञप्तिमा सन्धिको म्याद सकिएपछि रुस अब मुख्य प्रावधान वा कुनै दायित्वबाट बाध्य छैन र आफ्नो अर्को कदम स्वतन्त्ररूपमा तय गर्न सक्ने छ भनिएको छ ।

न्यु स्टार्ट सन्धि सन् २०१० मा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामा र रूसी राष्ट्रपति दिमित्री मेदभेदेवले हस्ताक्षर गरेका थिए । उक्त सन्धिले प्रत्येक पक्षलाई ७०० भन्दा बढी मिसाइल र बम वर्षकमा एक हजार ५५० भन्दा बढी तयारी अवस्थामा रहेका आणविक हतियारमा सीमा लगाइएको थियो । यो सन्धि सन् २०२१ मा समाप्त हुने थियो, तर पाँच वर्षका लागि विस्तार गरिएको थियो । सन्धिले अनुपालन प्रमाणित गर्न साइट निरीक्षणको व्यवस्था गरेको थियो, तर सन् २०२० को कोभिड-१९ महामारीपछि ती निरीक्षण रोकिएका थिए ।

फेब्रुअरी २०२३ मा पुटिनले अमेरिकी निरीक्षण निलम्बन गर्दै युक्रेनसँगको संघर्षमा वासिङ्टन र नाटोले मस्कोको हारलाई आफ्नो लक्ष्य घोषणा गरेपछि रुसले आफ्ना साइटहरू निरीक्षण गर्न अनुमति दिन नसक्ने बताएका थिए । तर क्रेमलिनले सन्धिको मुख्य प्रतिबन्धको सम्मान जारी राख्ने र पूर्णरूपमा पछि हट्ने नभएको स्पष्ट पारेको थियो ।

सन् २०१० को सम्झौता न्यु स्टार्टले अमेरिका-रुस बीचको लामो ऐतिहासिक आणविक हतियार घटाउने शृंखलालाई जारी राखेको थियो, जसका अघिल्ला सम्झौताहरू सबै समाप्त भइसकेका छन् । ट्रम्पले नयाँ सम्झौतामा चीनलाई समावेश गर्ने प्रस्ताव राखेका छन्, तर बेइजिङले आफ्नो बढ्दो आणविक भण्डारमा कुनै प्रतिबन्ध मान्न अस्वीकार गरेको छ ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानका अनुसार चीन वर्तमान चरणमा वार्तामा भाग लिन तयार छैन, तर अमेरिका र रूससँग चाँडै वार्ता पुनः सुरु गर्न आह्वान गर्दछ र दुवै पक्षले हालका सन्धि सीमाहरू पालन गर्न जारी राख्नुपर्छ । *रासस/एपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - २९५२०० | प्रति तोला - ० | प्रति तोला - ४९८० |



**बजारका लागि** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेमा सुन्तला टिप्दै किसान । दोसल्लेका किसानले माघको अन्तिमसम्म सुन्तला बोटमै राखेर बजार पठाउने गरेका छन् । *तस्बिर : सन्तोष गौतम/रासस*

# ‘आर्थिक समृद्धिमा टेलिकमको भूमिका प्रशंसनीय’

■ प्रभाव संवाददाता

**काठमाडौं-** गृहमन्त्री ओमप्रकाश अर्यालले मुलुकभर सञ्चारको पहुँच विस्तार गर्दै आर्थिक समृद्धिमा नेपाल टेलिकमले खेलेको भूमिका प्रशंसनीय रहेको बताएका छन् । नेपाल टेलिकमको २२औं वार्षिक उत्सव समारोहलाई सम्बोधन गर्दै उनले प्राकृतिक विपद्, भूकम्प तथा महामारीजस्ता संकटका समयमा नेपाल टेलिकमले निर्वाह गरेको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको उल्लेख गरे ।

सेवा विस्तारसँगै डिजिटल सेवा, डिजिटल साक्षरता र समग्र देश विकासमा नेपाल टेलिकमले उल्लेखनीय योगदान पुर्‍याएको उनको भनाइ छ । गृहमन्त्री अर्यालले दूरसञ्चार सेवा सम्पर्कको माध्यम मात्र नभइ शैक्षिक, आर्थिक र सामाजिक विकासको प्रमुख पूर्वाधार बनेको बताए ।

‘नविनतम प्रविधिको आधारमा गुणस्तरीय सेवा प्रवाह गर्नु समयको आवश्यकता भएको छ,’ उनले भने, ‘नयाँ-नयाँ प्रविधिमा आधारित सेवाको विकास गर्दै सार्वजनिक दायित्व र नवप्रवर्तनलाई सन्तुलनमा राखेर गुणस्तरीय सेवा उपलब्ध गराउनु सेवाग्राहीको हक र अधिकार हो ।’ सन्तुष्ट ग्राहक नै कम्पनीको दिगो विकासको आधारस्तम्भ भएकाले यसतर्फ कम्पनीले विशेष




ध्यान दिनुपर्ने उनको धारणा छ । आगामी दिनमा नेपाल टेलिकमले अत्याधुनिक प्रविधिमा आधारित सेवा प्रवाह गर्दै ग्राहकको आत्मसन्तुष्टिलाई केन्द्रमा राख्ने विश्वास पनि गृहमन्त्री अर्यालले व्यक्त गरे ।

सार्वजनिक संस्था नागरिक र सरकार जोड्ने सेतु भएको उल्लेख गर्दै उनले नागरिक-सरकार सम्बन्धलाई प्रगाढ बनाउन नेपाल टेलिकमको भूमिका महत्वपूर्ण रहने बताए । सरकारको नीति तथा कार्यक्रमलाई आत्मसात् गर्दै नागरिकप्रतिको कर्तव्य निर्वाहमा नेपाल टेलिकमले सरकारसँगको सहकार्यलाई निरन्तरता दिने विश्वास आफूले लिएको उनले भने ।

नेपाल टेलिकमको सुदृढीकरण र विकासमा सरकारले अभिभावकत्वको भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि गृहमन्त्री अर्यालले व्यक्त गरे । समारोहमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले नेपाल टेलिकमले गुणस्तरीय सेवा विस्तार गर्दै दुर्गम तथा पिछडिएका क्षेत्रमासमेत पहुँच स्थापित गरिने बताएकी छिन् ।

उनले नेपाल टेलिकमको सेवा विस्तारले सर्वसाधारणको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने उल्लेख गर्दै सेवाको गुणस्तर अझै वृद्धि गरिने स्पष्ट पारिन् । सचिव बस्नेतले भनिन्, ‘नेपाल टेलिकमले सर्वसाधारणको जीवनस्तरमा सकारात्मक प्रभाव पार्नेछ र सेवाको गुणस्तरलाई थप प्रभावकारी बनाउनेछ ।’

सचिव बस्नेतले डिजिटल समावेशिता विस्तार गर्दै सबै नागरिकलाई समान सञ्चार सेवाको पहुँच सुनिश्चित गर्न नेपाल टेलिकमले निरन्तर पहल गरिरहेको पनि बताइन् ।

समारोहमा नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा भूपेन्द्र भण्डारीले कम्पनीले फोरजी/एलटीई सेवाको जडान, विस्तार, स्तरोन्नति तथा वितरणलाई निरन्तरता दिँदै हाल सातै प्रदेशका ७७ जिल्लाका ७४९ स्थानीव तहमा सो सेवाको पहुँच विस्तार गरेको जानकारी दिए ।

‘हालसम्म टुजी, थ्रीजी र फोरजी प्रविधिमा आधारित मोबाइल सेवाका बिटीएसमार्फत देशभरका विभिन्न ४,७८८ स्थानमा मोबाइल सेवा उपलब्ध गराएको छ । अब थप चार स्थानीय तह हुम्लाको ताँजाकोट र अदानचुली, मुगुको सोरु तथा कार्मारोकक्या फोरजी सेवा सञ्चालनमा ल्याउन बाँकी रहेको छ,’ उनले भने, ‘हाल सञ्चालनमा रहेको फोरजी कोर सिस्टमलाई स्तरोन्नती गरी फाइभजी सेवाको सुरुआत गर्नको लागि आपूर्तिकर्ताबाट प्राप्त प्रस्तावको अध्ययन सम्पन्न भई पुनराबलोकनका चरणमा रहेको छ ।’ टेलिकमका अनुसार गत असार मसान्तसम्म २१ लाख ७४ हजार ६४ क्षमता रहेको एफटिटीएच नेटवर्क हाल २२ लाख ६५ हजार पुगेको छ ।

# सात दिनभित्र घरबहाल तिर्न आठ सहकारीलाई महानगरको सूचना

■ प्रभाव संवाददाता

**काठमाडौं** - काठमाडौं महानगरपालिकाले आठ सहकारी संस्थालाई सात दिनभित्र घरबहाल तिर्न सार्वजनिक सूचनामार्फत जानकारी गराएको छ । कानुन तथा मानव अधिकार विभागले सो सूचना जारी गरी उक्त जानकारी गराएको हो ।

सूचनामा भनिएको छ, ‘काठमाडौं महानगरपालिका, न्यायिक समितिबाट घर कोठा खाली गर्ने भनी भएका निर्णयमध्ये सहकारीले बहालमा लिएका घर कोठा खाली गर्नेसम्बन्धी मिति २०८२/१०/१५ मा निर्णय कार्यान्वयन समितिको बैठकमा भएको निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।’

कामपा सहकारी विभागका प्रमुख महेशकुमार काफ्लेकाअनुसार सूचनामा विवरण भएका सहकारी संस्थाका पदाधिकारी, कर्मचारी तथा संस्थाका सदस्यले सूचना प्रकाशन भएको मितिले सात दिनभित्र कामपाका, कानुन तथा मानव अधिकार

▸▸ ‘उक्त घर कोठा खाली गर्दा सहकारी कार्यालयका सामान सम्बद्ध घरधनीको जिम्मामा दिइनेछ । पछि सहकारीका सम्पति, सरसामान सम्बन्धमा कुनै दाबी विरोध नलाग्ने व्यहोरासमेत यसै सूचनामार्फत सूचित गरिन्छ ।’

विभागमा सम्पर्क गर्नुपर्नेछ ।

तोकिएको समयभित्र सहकारी संस्थाका पदाधिकारी, कर्मचारी, सदस्य सम्पर्कमा नआएमा सहकारीले बहालमा लिएका घर कोठा न्यायिक समितिको निर्णयानुसार खाली गरिने जनाइएको छ । ‘उक्त घर कोठा खाली गर्दा सहकारी कार्यालयका सामान सम्बद्ध घरधनीको जिम्मामा दिइनेछ । पछि सहकारीका सम्पत्ति, सरसामान सम्बन्धमा कुनै दाबी विरोध नलाग्ने व्यहोरासमेत यसै सूचनामार्फत सूचित गरिन्छ’, सूचनामा उल्लेख छ ।

नाम सार्वजनिक गरिएका सहकारीहरूमा वडा नं ३१ स्थित आशा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, वडा नं ६ स्थित नव सवल र सन्दुप सहकारी संस्था लिमिटेड, सोही वडामा रहेको सुन्ताखाल बचत तथा ऋण सहकारी संस्था, वडा नं १७ मा सञ्चालित युनिफाइड बचत तथा ऋण सहकारी संस्था छन् । त्यसैगरी वडा नं २२ मा सञ्चालित महाबौद्ध बचत तथा ऋण सहकारी संस्था, वडा नं ३२ मा रहेको ग्रेट गङ्गासागर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ, वडा नं १० मा सञ्चालित प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड छन् ।

लामो समयदेखि भाडा नतिरी कार्यालयमा ताला लगाएर सञ्चालक फरार भएपछि घरधनीबाट महानगरपालिकामा निवेदन प्राप्त भइरहेका छन् । यसरी आएका निवेदन फछ्र्यौट गर्ने क्रममा महानगरपालिकाले सार्वजनिक सूचना जारी गरेर सो प्रक्रिया अगाडि बढाएको हो ।

# अन्तर्राष्ट्रिय ‘डेरी एक्स्पो’ माघ २५ देखि

**चितवन (प्रस)-** यही माघ २५ गतेदेखि यहाँ हुन लागेको अन्तरराष्ट्रिय डेरी एक्स्पोको मुख्य आकर्षकको रूपमा गाई प्रदर्शनी हुने भएको छ । ‘डेरी उद्योगमा प्रविधि अर्थतन्त्रमा समृद्धि’ भन्ने मूल नाराका साथ सुरु गर्न लागिएको एक्स्पोमा उन्नत जातको गाई प्रदर्शनी हुन लागेको हो । व्यावसायिक रूपमा राम्रो नश्ल भएको गाई कहाँ पाइन्छ र यसबाट हुने फाइदा के हो भन्ने बारेमा किसानलाई जानकारी दिनका लागि गाई प्रदर्शनी गर्न लागिएको चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले जानकारी दिए ।

चितवनसहित अन्य जिल्लामा पालिएका राम्रो नश्ल भएका गाई ल्याएर प्रदर्शनी गरिनुका साथै ती गाईको बारेमा बुझाइने उनले बताए । उनका अनुसार माघ २९ गतेसम्म चल्ने डेरी एक्स्पोका अन्य आकर्षणमा मानव स्वास्थ्यमा दुग्धजन्य पदार्थको आवश्यकता र महत्व विषयक वक्तृत्वकला प्रतियोगिता, दूध उत्पादनको वर्तमान अवस्था बजारको समस्या र सामाधानका उपायसम्बन्धी अन्तरक्रिया गरिने छ । यसमा पशुपालनमा देखिने रोग र उपचार विधि, दूधको गुणस्तरीय उत्पादन र उत्पादकत्व वृद्धिको लागि प्रविधिको प्रयोग, दुग्ध क्षेत्रको वर्तमान अवस्था र चुनौती तथा नीतिगत व्यवस्था र राज्यसँगको अपेक्षा लगायतका विषयमा छलफल हुने उनले जानकारी दिए ।

यस प्रदर्शनीमा नेपाल र भारत गरी १२० दुग्ध उत्पादक र प्रविधि कम्पनी सहभागी हुने बिहीबार यहाँ पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइयो । चितवन उद्योग संघको प्रदर्शनी केन्द्रमा हुन लागेको प्रदर्शनीमा डेरी उत्पादन, प्रक्रिया र वितरणमा नविनतम प्रविधि र अभ्यासलाई प्रोत्साहित गर्दै साना किसान, उद्योगी र व्यापारीलाई व्यावसायिक सञ्जामा जोड्न टेवा पुग्ने अध्यक्ष बगालेले बताए ।

# जडीबुटीप्रति बिरामीको आकर्षण

■ दामोदर खनाल

**बुटवल-** पछिल्लो समय बिरामिहरूको सरकारी औषधिको अलावा जडिबुटी प्रति पनि आकर्षण बढेपछि जडिबुटीको व्यापार राम्रो भएको जडिबुटी व्यापारीले वताएका छन् । औषधिय वा रोग निदान गर्न सक्ने गुण भएका वनस्पतिहरू नै जडिबुटी हुन् ।

बुटवलको हाटवजार क्षेत्रमा रहेको जडिबुटी पसलमा पनि जडिबुटीको व्यापार राम्रो हुने गरेको छ । यहाँ रहेका हिमाली जडिबुटी पसल र शिवशक्ति हिमाली जडिबुटी पसलमा हिमाली, पहाडी र तराईका जडिबुटी पाईने गर्दछ । जहाँ जडिबुटी लिनको लागि विरामिहरू प्रसस्त आउन थालेपछि व्यापार राम्रो हुने गरेको हो ।

गानो गोला, प्रसुती, महिनावारी गडबडी, प्रेसर, बाथ, सड्के मर्केको, कम्बर, ढाड दुखेको, जन्डिस, सुगर, पाईल्स, कमजोरी, रूघाखोकीलगायतका बिरामीहरूका लागि



जडिबुटी लिन आउनेको संख्या उल्लेख्य पाईन्छ । सहरबजारका भन्दा ग्रामीण क्षेत्रका बुढापाका मानिस बढि जडिबुटी लिन आउने गरेको जडिबुटी व्यवसायीको भनाई छ ।

बुटवल हाटबजारमा रहेको हिमाली जडिबुटी पसलका सञ्चालक भक्तबहादुर खड्का जडिबुटी व्यवसाय आफ्नो पुर्ख्यौली पेशा भएको बताउँदै आँफु कहा विभिन्न जिल्लाबाट जडिबुटी आउनुका साथै व्यापार राम्रो हुने गरेको वताउँछन् । उनले विभिन्न प्रकृतिका बिरामीका लागि जडिबुटीको मात्रा मिलाएर दिने गर्दछन् । जडिबुटीले जस्ता प्रकृतिको रोगपनि निको हुने उनको अनुभव छ ।

बुटवलमा लामो समयदेखि जुम्लाबाट सिलाजित, जिम्बु, केसरी, सतुवा, चिफ्ले किरालगाएत विभिन्न प्रकारका जडीबुटीको कारोवार गर्दै आएका विश्व सिंहले पछिल्लो समय जडिबुटीको बजार राम्रो भएको बताउँछन् । जुम्ला सिंजा घर बताउने उनले भने जडिबुटीको मात्रा मिलाएर खाँदा जस्तोसुकै पुरानो रोगपनि निको हुन्छ । जडिबुटी सेवनबाट रोग निको हुन समय केही बढी लाग्ला तर पनि जडिबुटी जन्य औषधिले शरिरलाई बेफाइदा नगर्ने पनि व्यवसायीको भनाई छ । औषधीय जडीबुटीहरू ती वनस्पति हुन् जसले स्वास्थ्य र औषधिको लागि उपयोगी हुन्छन् वा सुगन्ध आदि प्रदान गर्दछ । जडिबुटीको विशेष महत्व तिनीहरूको औषधीय गुणहरूको कारणले पनि हो । यो वर्षौंदेखि औषधिमा प्रयोग हुँदै आएको छ । पछिल्लो समय शरिरका विभिन्न भागको दुखाई कम गर्न विभिन्न जडिबुटी जन्य तेलको पनि बढि प्रयोग भएको पाईन्छ ।

# काभ्रेका १५१ किसानलाई राहत उपलब्ध गराउन सिफारिस

**काभ्रेपलाञ्चोक (प्रस)-** जिल्लामा प्राकृतिक विपत्तिबाट एक हजार दुई सय रोपनी जमिनमा लगाएको कृषि बाली क्षति भएको छ । क्षतिको राहत उपलब्ध गराउन बाग्मती प्रदेश सरकारलाई अनुरोध गरिएको छ । जिल्ला कृषि विकास कार्यालय धुलिखेलले गत वर्ष र यस वर्षको प्राकृतिक विपत्तिका कारण खाद्यान्न, तरकारी बाली, फलफुल र तरकारीका टनेल क्षतिग्रस्त भएका १ सय ५१ किसानलाई राहत उपलब्ध गराउन प्रदेश सरकारसमक्ष सिफारिस गरेको हो ।

कार्यालयले प्राकृतिक विपत्तिका कारण ९ सय ६१ रोपनीमा भएको खाद्यान्न क्षतिको लागि रु १४ लाख ४१ हजार ५ सय ९०, २ सय ६५ रोपनी जमिनमा लगाइएको तरकारी बाली क्षतिवापत रु सात लाख ८० हजार ६ सय २५ राहतका लागि सिफारिस गरिएको जनाएको छ । कार्यालय प्रमुख कुलप्रसाद दवाडीले कार्यालयले गत वर्ष र यस वर्षको प्राकृति विपतीका कारण कृषि बालीमा क्षति पुगेका १ सय ५१ किसानलाई राहत उपलब्ध गराउन प्रदेशस्थित कृषि मन्त्रालयमा सिफारिस गरिएको बताए । यस्तै उनले करिब तीन हजार फलफुलका बिरुवा क्षतिवापत रु दुई लाख नौ सय र तीन सय बाँसका टनेल क्षतिवापतको १५ हजारका दरले राहत रकम उपलब्ध गराउन प्रदेश कृषि मन्त्रालयलाई अनुरोध गरिएको छ ।

कार्यालयका अनुसार प्रदेश सरकारले स्थानीय तहको सिफारिस, प्राविधिक प्रतिवेदन, क्षतिको मूल्यांकन र जिल्लास्थित राहत व्यवस्थापन समितिको मूल्यांकन गरी पठाएपछि मात्रै प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ ।

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ